'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

अर्हत ३७

वर्ष ८, अंक २ | बुद्ध सम्वत् २५६४ | ने.सं. ११४० गुलाँथ्व | वि.सं. २०७७ साउन १९ गुन्हि पुन्ही

धर्म किर्ति महाविहार (यॉं वहः) क्वाठण्डौ, ख्वप

पञ्चशील प्रार्थना

उहाँ भगवान अरहत सम्यकसम्बुद्धलाई नमस्कार (३)
म बुद्धको शरणमा जान्छु,
म धर्मको शरणमा जान्छु,
म संघको शरणमा जान्छु,

दोस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

तेस्रोपल्ट पनि बुद्धको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म संघको शरणमा जान्छु,

म प्राणी हिंसा गर्ने काम छोड्ने शील राम्ररी पालना गर्छु ।
म चोरी गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म कामरागको विषयमा नराम्रो आचरण गर्नेछैन ।
यो शील राम्ररी पालन गर्नेछु ।

म झूट कुरा बोल्ने बानी छोड्ने शील राम्ररी पालन गर्छु ।
म बेहोसको कारण हुने रक्सी, जाँड आदि लागूपदार्थ
सबै छोड्ने शील राम्ररी पालन गर्छु ॥

साभार : श्री महामञ्जुश्री गुरु गुठी संस्थाको गोजीपात्रोबाट

अर्हत

त्रैमासिक

वर्ष ८ | अङ्क २ | पूर्णांक ३७ | नेसं ११४० गुलाँथ्व

शक सं. १९४१ | २०७७ साउन १९ | बुद्ध सं. २५६४

सल्लाहकार
रत्नसुन्दर शाक्य
चन्द्रबहादुर उलक

सम्पादक / प्रकाशक
उद्धव सुजखु

बौद्ध दर्शन अध्ययन समाजको
सहयोगार्थ प्रकाशित

बजार व्यवस्थापन तथा वितरण
बालमुकुन्द बासुकला

आवरण फोटो
बौद्ध दर्शन अध्ययन समाज

विज्ञापन सङ्कलक
लक्ष्मीप्रसाद रंजित

कम्प्युटर
सिद्धि डिजाइन डेस्कटप सर्भिस
फोन – ६६१९१०७

मुद्रण
सिद्धि गणेश अफसेट प्रेस
चोर्चा–७, भक्तपुर
फोन नं. ६६१४७९३
Email: arhattraimasik@gmail.com

सहयोग रु. ४०/-

यसभित्र

धर्म र मनुष्य	भिक्षु अश्वघोष	३
महाभिनिष्क्रमण – २	चित्तधर हृदय	८
लकडाउन	चन्द्रबहादुर उलक	११
An Indian Artist in China	**Dr. Svlvain Levi**	१२
डा. इडवार्ड कोन्जे	रत्नसुन्दर शाक्य	१५
निरोगी पुस्तक अध्ययन...	विष्णुगोपाल कुसी	१९
बुद्ध महामानव होइन	बसन्त महर्जन	२३
परियत्ति पढ्दाको अनुभव	सम्बृद्धि बन	२७
परियत्ति पुरस्कार वितरण...		२८

सम्पादकीय

'देशमा प्रजातन्त्र पुनः स्थापनापछि काम, माम र कपडाको बन्दोबस्त होला। रोग, भोक र शोकबाट सिर्जित अशान्तिका रेखाहरू सबै मेटिएलान्। सबै सुखी होलान्। देशमा शान्ति छाउला।' यही आशाको भारी बोकेर नेपाली जनता जनआन्दोलनमा होमिएका थिए। तर बलिवेदीमा उभिएर प्राप्त गरेको प्रजातन्त्रबाट जनताको आशा पुरा भएन अहिले त झन लोकतान्त्रिक गणतन्त्रसमेत स्थापना भइसकेको छ। तैपनि जनताको जीवन 'उही नाम्लो उही कुम्लो' नै छ। जनताको जीवनमा परिवर्तन देखा नपर्नुको कारण शासक दलका नेताहरू राग, द्वेष र मोहबाट मुक्त हुन नसक्नु हो। तिनीहरूले देश र जनताको निम्ति राजनीतिलाई उपयोग नगरी आफ्नो निहित स्वार्थको लागि मात्र राजनीतिलाई उपयोग गरे। जसको परिणाम आजको स्थिति उत्पन्न भयो।

हरेक शासक पार्टीका नेताहरूले देशलाई कसरी उँभो लगाउने र जनतालाई शिक्षा, स्वास्थ्य र रोजगारीको ग्यारेन्टी कहिले दिने भन्ने विषयमा चिन्तन नगरि आफ्नो स्वार्थको लागि अथवा पद र पैसाको निम्ति मात्र राजनीतिलाई उपयोग गरे भन्ने समाचार हिजो आज सुन्नमा आएको छ। यो दुःखको कुरा हो।

नेपाली भूमिमा फैलिरहेको कोराना भाइरसको ताण्डव नृत्यलाई निम्ट्यान्न कसरी गर्ने र कोरोना भाइरसको प्रभावबाट दामाडोल भएको देशको अर्थतन्त्र कसरी जोगाउने भन्ने विषयमा चिन्तन र मनन नगरी मात्र सत्ता परिवर्तनको निम्ति कुकुर झगडा गर्नु यो जस्तो लाजमर्दो कुरा अरू के होला ?

पाठक मित्रहरू ! शासक वर्गहरूमा बुद्धको समतामूलक सिद्धान्तबारे ज्ञान नहुँदा यस्तो परिस्थिति सिर्जना भएको हो भन्ने कुरा बौद्ध दर्शन अध्ययन समाजलाई लागेको छ। मीठो आश्वासनको भरमा जनतालाई भऱ्याङ्ग बनाई माथि उक्लने नेताहरूको हृदयमा 'तृष्णा' उत्पन्न भयो भन्ने लाग्छ।

सबैलाई त्यागको भावना सिकाइ आफू त्यागी बन्न नसक्नु शासक वर्गको कमजोरी हो। शासक वर्गहरूलाई यस कमजोरीबाट छुट्कारा दिलाउन बौद्ध शिक्षा नै आजको आवश्यकता होइन र ?

(अस्तु)

भवतु सब्ब मङ्गलं !

धर्म र मनुष्य

किच्छो मनुस्स पटिलाभो, किच्छं मच्चान जीवितं ।
किच्चं सद्धम्म सवणं, किच्छो बुद्धानं उप्पादो ॥

अर्थ- मानिस भएर जन्मलिनु कठिन छ, जन्म भएर न मरेसम्म बाँच्नु पनि कठिन छ, धर्मश्रवण गर्नु पनि कठिन छ, बुद्ध जन्मनु पनि कठिन छ, सजिलो छैन ।

यस गाथा धम्मंपदको बुद्धवर्गमा १८२ औं गाथामा अर्थ लेखेको छ कि मनुष्य भएर जन्मनु दुर्लभ, मानिस भई बाँच्नु दुर्लभ, धर्मश्रवण गर्नु दुर्लभ, बुद्धहरूको जन्म दुर्लभ । यो अर्थ मिल्दैन । किच्छं शब्दको अर्थ कठिन हो । फेरि मानिस भएर जन्मनु दुर्लभ छ, यो पनि मिल्दैन । यदि मानिस भएर जन्मनु दुर्लभ भए आज मानिसको सङ्ख्या बढेर ठुलो समस्या भएको छ । पृथ्वीले बोक्नु पनि असजिलो भइरहेको छ । त्यसैले प्रकृतिले सुनामी समुद्री तुफान आएर हजारौं मानिसहरूलाई मारिदियो । भुईंचालो आएर हजारौं मान्छेहरूलाई विनाश गरिदियो । हवाई जहाज र डुंगा दुर्घटनामा परी असंख्य मनुष्य मृत्यु भइसक्यो । यो त प्रकृतिको खेल भयो । यसैले किच्छोको अर्थ मानिस भएर जन्मनु दुर्लभ भन्न मिल्दैन । वास्तवमा मानिस भएर जन्मनु कठिन छ भन्नु मिल्छ । बुद्धले कुनै



✍ भिक्षु अश्वघोष

एक समयमा भन्नुभएको थियो शुद्ध, सम्पूर्ण अङ्गले गुणी तथा सम्पन्न भई जन्म हुनु धेरै कठिन कुरो हो । त्यसैगरी जन्मेर मृत्यु नभएसम्म जीविका गुजारा गर्नु अर्थात् नमरेसम्म बाँची रहनु झन् कठिन पर्ने हुन्छ । मनुष्यलाई संसारमा सर्वश्रेष्ठ प्राणीको रूपमा लिन्छ । अत: धार्मिक दृष्टिकोणमा मनुष्य जीवन अमुल्य मानिन्छ । आखिर मानव र पशुबीच अन्तर नै बुद्धि-विवेकमा हुनेछ । मनुष्यको सोचाई लवाई-खवाई, एक आपसमा दु:ख-सुख बाँडिन जान्नु के गर्नु हुन्छ, के गर्नु हुँदैन भनी चेतनशील हुनु मास्तिष्क र चिन्तनद्वारा काम लिन जान्नु आदि कुराहरूले गर्दा नै मानव सर्वश्रेष्ठ प्राणीमा गनिएको हो । कुनै पनि मानिस देवता बन्न सकिन्छ । बुद्धधर्ममा देवतालाई भन्दा मनुष्यलाई ठूलो स्थान दिइएको पाइन्छ । आज पशुलाई समेत चन्द्र लोकमा



पुऱ्याउन मानिस समर्थ भइसकेको छ। त्यस्तै भयानक डरलाग्दो जन्तुलाई पनि आफ्नो वशमा पार्न मानिस सामर्थ्यवान छ तापनि आफ्नो मनलाई वशमा पार्न नसकिरहेको अपशोचको कुरा हो। धेरैजसो मानिसहरू अर्काको टाउकोमा जुम्रा हिँडेको देख्छन् तर आफ्नो टाउकोमा गोरु हिँडेको पनि चाल पाउँदैनन्। आफ्नो मनलाई दमन गर्न नसक्नु नै मानवको सबभन्दा ठूलो कमजोरी हो। सिद्धार्थ कुमारले आफ्नै मनलाई काबुमा राखेको फलस्वरुप उनले संसारको यथार्थता बुझे, बोध गरेर उनी बुद्धको नाउँबाट सर्वत्र प्रसिद्ध भए।

किच्छं मच्चान जीवितं - मनुष्यभै जन्मेर मृत्यु नहुन्जेल जीवन बिताउन धेरै संघर्ष गर्नुपर्ने हुन्छ भन्ने बुद्धको शिक्षा रहेको छ। कहिलेकाहिं हामी अखबारमा एकै परिवारका सबैले आत्महत्या गरेको खबर पढ्छौं। यसो हुनुमा अनेकानेक कारणहरू हुन्छन्। जस्तो कि झगडालु प्रवृत्ति, दैनिक जीवनमा जीविकाको लागि आवश्यक आधारभूत चीजको अभाव, लोभीपना, कञ्जूसी स्वभाव, घमण्डी, स्वार्थीपन, रिसाहा प्रवृत्ति, अर्काको प्रगतिउपर डाह, इर्ष्या, जाग्नु आदि। अझ झन् आफू बस्ने ठाउँका कपटि मानिसहरूसँग मिलिजुलीकन जीवन यापन गर्नु धेरै कठिन कुरा हो।

किच्छं सद्धम्म सवनं - धर्मश्रवन गर्नु पनि कठिन छ। यहाँ धर्मपदेश श्रवण गरेअनुसार धर्माचरण गर्नु भन्ने वाक्य चिन्तननीय, मननीय भएको देखिन्छ। किनभने हाम्रो आचरण वा चालचलन, व्यवहार आचरण धर्मको विपरित हुन्छ भने धार्मिक भनी कहलाइदैमा धर्मले हामीलाई न रक्षा नै गर्छ, न त यो हाम्रो निम्ति भरोसा नै भइदिन्छ।

धर्मको परिभाषा यही हो भनी ठोकुवा गर्नु कठिन हुन्छ। एक दृष्टिमा पूजापाठ गर्नु र परोपकार हुने कार्यरुपी भाव यी दुबै धर्मकै स्वरुप हुन्। हाम्रो आचरण व्यवहारमा अरुको भन्दा निकै भिन्न देखिनु नै हामीले गरेको पूजापाठको महत्त्व बढ्नु हो।

हामीले समयमै होश राखी बेलैमा जति पनि गर्नुपर्ने धर्मकर्म छन्, ती पूर्ण गरी राख्यौं भने भविष्यमा मृत्युदेखि भयरहित भई रहन सक्ने क्षमता प्राप्त हुनेछ । अनि त्यस्तै मरणोपरान्त पनि आफ्नो कोही ज्ञानिबन्धुहरूले आफ्नो लागि पुण्यकर्म गरी देलान् कि भन्ने आशा गर्नै पर्दैन । अरूको भलो चिताउनु, सुकर्म गरी कुशल सम्पादन गर्नु नै धर्म हो । यही धर्म नै जीवनमा भरोसा भइदिन्छ ।

माथि उल्लेख भएका कुराहरू बुझ्नको लागि मात्र हामीले समयसमयमा काम लाग्ने शिक्षात्मक कथा अथवा धर्म-उपदेश सुन्नुपर्छ । धर्मको कथा धर्म-उपदेश श्रवण गर्नाले हामीलाई निम्न लिखित पाँचवटा फाइदाहरू प्राप्त हुन्छन् । ती हुन् -

१) **असुतं सुणाति** - कहिल्यै नसुनेको कुरा थाहा हुन्छ ।

२) **सुतं परियोदपेति** - सुनिसकेको भए पुनः दोहरिँदा शुद्ध हुन्छ ।

३) **कंखं वितरति** - धर्मबारे कुनै शंकोच र शंका भए पूर्ण रूपमा निवारण हुँदै जान्छ,

४) **दिट्ठिं उजुं करोति** - बाँगो दृष्टि वा सोचाइ सोझो हुने गर्छ । मतलब मिथ्यादृष्टि सम्यक दृष्टिमा परिणत हुन्छ ।

५) **चित्तं पसीदति** - क्लुषित मन प्रसन्न भई आनन्दित हुनेछ ।

कथा-धर्म-उपदेश सुनेर सुध्रिनेहरू भएजस्तै, नसुध्रिनेहरू पनि अनगिन्ति हुन्छन् । धेरै जसो सधैं कथा मात्र सुनेर आचरण नगरी जीवन बिताउनेहरू पनि पूर्वाग्रहबाट मुक्त हुन सकिरेहेका हुँदैनन् । तिनीहरू आफ्नो लिँडेढिपी परम्परागत काम गर्नुमा नै व्यस्त हुन्छन् । यस सन्दर्भमा एउटा अतीत संस्मरण प्रस्तुत गर्नु अत्युक्ति नहोला ।

एक दिनको कुरा हो, माइक किन्ने ईच्छाले कुनै एउटा पसलमा छिरें । "भिक्षुहरूलाई किन चाहिने माइक ?" भन्दै पसलेले कुरा सुरू गरे । अँ । कथा-धर्म-उपदेश गर्ने कार्यक्रम भइराख्छ । ठुलो परिषद्को बीचमा बिना माइक सम्भव नहुने यहाँलाई त थाहा नै हुनुपर्ने नि ! भन्दा उनले भने - "के को लागि कथा भन्ने रे हँ ? आजकल कथा भन्नु र सुन्नु भनेको फेशन र रहरको रुपमा मात्र चल्छ । धर्म-उपदेश सुने अनुसार एउटा पनि दैनिक व्यवहारमा र आफ्नो आचरणमा उतार्न सकेको होइन, न त विधिव्यवहारमा नै भिन्नता आएको आचरणमा उतार्न सकेको होइन, न त विभिव्यवहारमा नै भिन्नता आएको देखिन्छ । बरू कथा भन्ने र सुन्ने दुबै सुध्रिन नसकिरहेको पो भान हुन्छ ।"

पुनः मैले आफ्नो कुरा माथि पार्न प्रयास गर्दै भनें - "यहाँले जुन सवाल उठाउनुभयो, त्यो न्यायोचित भएर पनि शतप्रतिशत ठीक मान्न सकिंदैन । केही नहुनु भन्दा केही न केही हुनु राम्रो" भन्ने उखान चरितार्थ भइराखेको छ । धर्म-उपदेश भनेको समयसमयमा भई नै रहनु पर्दछ । फलस्वरुप मानिसहरूको व्यवहारमा केही मात्रामा भए पनि स्वभाव परिवर्तन आउनसक्छ । अहिले त नराम्रो काम गर्नेहरू आफूले कस्तो कार्य गरिरहेको हो त्यो नै मतलब गर्दैनन् ।

बीचमा उनले भने - "भिक्षु ज्यू, त्यो त तपाईको आफ्नै तर्क भो, सिद्धान्त वा व्यवहार (आचरण) एक अर्कासँग उल्टो हुन्छ । बोलाई र गराईमा एकरूपता देखाउन धेरै कठिन छ - धार्मिक कहलाइएकाहरू समेत उल्टो परिवर्तन मात्र भइरहेको देखिन्छ ।"

मैले पनि बीचैमा कुराकाटी आफ्नो महत्त्व देखाउँदै भनें- "हामीलाई कथा सुन्नेहरूबाट नै जानकारी प्राप्त भए अनुसार कतिपय व्यक्तिहरूले, जाँडरक्सी, झगडालु प्रवृत्ति आदि कुलतबाट छुटकारा पाएका छन्। कोहीले घरमा मिलीजुली रमाइलोपूर्वक बस्न सिके त कसैले घरमा पिरोल्ने र हुकुमी शासन अपनाउनु नराम्रो भनी जाने र भिक्षुहरूलाई - "दिनभरि भिक्षु रातभरि तिछुँ (छुचुन्द्रे)" भनेर गाली गर्नेहरू पनि हृदय परिवर्तन गरेर प्रशंसा गर्ने भएका छन्। त यी सब श्रोता वर्गबाटै सुन्नमा आएका हुन्। मलाई त सयौं श्रोतागणमध्ये एकदुई जना मात्र भएपनि सुध्रेको कुरा सुन्दा हौसला र आत्मबल वृद्धि हुन्छ र मन आनन्दित हुन्छ। यथार्थ कुरा यो हो कि जसरी कुनैकुनै गेडागुडी पानीमा भिजाउँदा नरम नभई झन् साह्रोको साह्रै भएर रहन्छ, त्यसरी नै कथा-धर्म-उपदेश सुन्नेहरूको आचरण र व्यवहारमा कत्ति पनि परिवर्तन नआउनेहरू पनि हुन्छन्।

श्रोतावर्ग तीन प्रकारका हुन्छन् :-

१) **पानीमा कोर्ने अक्षर** (कोर्ने वस्तु निकाल्ने वित्तिकै रेखा सम्पूर्ण मेटिने)

२) **बालुवामा कोर्ने अक्षर** (कसैले नकुल्चेसम्म वा कोही नभएसम्म मात्र रेखा रहने)

३) **ढुङ्गामा कुँदिएको अक्षर** (हजारौं वर्षसम्म पनि जस्ताको त्यस्तै रेखांकन रहिरहने)

अर्को शब्दमा भन्ने हो भने -

१) चुहिएको गाग्रीमा पानी हालेजस्तो,

२) पोल्टोमा केही चीज राखी बिर्सिकन उठ्दा खसेजस्तो (एक कानले सुन्दै अर्को कानले उडाउँदै गर्नु),

३) राम्रो (नचुहिएको) गाग्रीमा पानी हाल्दा भरिँदै जानेजस्तै।

कथा सुन्नेहरू मात्र न सुध्रेका होइनन् परन्तु धर्म-उपदेश दिनेहरू पनि आफ्नो कथाको विपरीत आचरण गर्नेहरू पनि छन्। कथा भन्नेहरू पनि स्वयं खराब मनोप्रवृत्तिका पनि हुन्छन्। जस्तै आफ्नो विद्वता मात्र प्रदर्शन गरी अरुको सामुन्ने पण्डित हुनेहरू पनि धेरै छन्। जसलाई **"परोपदेशे पण्डित्य"** भनी चिनिन्छ। हुन त कथाकारहरू पनि शुद्ध-पवित्र बन्नुपर्छ। आफ्नो सिद्धान्त अनुसार आचरण र व्यवहार गर्ने बन्नसके बेश हुन्छ, सुनमा सुगन्ध छाउँछ। कथा भन्नेहरू आफ्नै मूल्य र मान्यतामा उभिकन प्रथमत: चित्त शुद्ध गरी जनसमक्ष आउने गर्नुपर्छ। फलत: श्रोतागणलाई ठूलो प्रभाव पर्नेछ। जो कोही कथा भन्नेहरू निम्न लिखित पाँचवटा गुणधर्मले परिपूर्ण हुनु आवश्यक देखिन्छ :-

१) त्यागी र सदाचारी बनी अरूलाई ज्ञान जागोस् भन्ने हेतुले क्रमबद्ध रूपमा भन्ने इच्छा हुनु।

२) गृहस्थी जीवनलाई सुहाउँदो आदर्शयुक्त कुरा बताउनु।

३) लाभसत्कार प्राप्त गर्ने आशारहित हुनुपर्छ।

४) दयाभाव एवं मैत्रीपूर्ण कथा वाचन गर्नु।

५) स्वयं आफ्नो र अरुको पनि चरित्र राम्रो हुने, सुधार हुने शिक्षा बताउनु।

माथि उल्लेख भएका अङ्गहरूले परिपूर्ण हुनुपर्ने हुनाले धर्मको कथा भन्नु सजिलो काम होइन। लेखकस्वयं पनि कथा भन्ने व्यक्ति भए तापनि यस अपवादबाट मुक्त हुन सकिराखेको छैन। माथि उल्लेख गरिएका गुणले युक्त हुन सकिरहेको छैन।

अरू केही नभए पनि धेरै हदसम्म आफूमा लाभसत्कारको आशा त छ बा !

प्रेरणास्पद कथाहरू सुन्ने गरेमा त्यसबाट हामीलाई लाभसिवाय हानी कहिल्यै हुँदैन, यस कुरालाई चरितार्थ गर्न सत्यघटना एउटा प्रस्तुत गर्नु प्रासंगिक होला -

एक समय श्रीलङ्काका ख्यातिप्राप्त भिक्षु प्रियदर्शी महास्थविर अफ्रिकामा धर्मदूत भएर जानुभयो। उहाँले भ्रमणको समयमा एउटा जङ्गलमा नवजवान पुरुषले पंक्षीलाई गुलेली हान्दै बसेको देखेछ। उसको अगाडि जानुभइ उहाँले भन्नुभयो - "यति राम्रो सुमधुर आवाजमा जङ्गलभरी नै गीत घन्काउँदै बसेका यी निर्दोष पंक्षीहरूलाई गुलेलीले हान्दै खसाल्दै गर्दा अलिकति पनि मनमा चिसो लाग्दैन र ? आखिर जङ्गलको शोभा बढाउनमा यिनीहरूको ठूलो श्रेय रहेको हुन्छ।" यस्तो प्रेरणायुक्त उपदेशले गुलेली ताक्नेको हृदय परिवर्तन गर्न ठुलो सघाउ पुग्यो। जवाफमा उनले भने - "हरे ! अनजानमा मैले के के के गरें गरें, परन्तु आजसम्म यस्तो आदर्शमूलक कुरा कसैको मुखबाट सुन्न पाइएन।" भन्दै उनले अब उपरान्त गुलेली त्याग्ने प्रतिज्ञा गरे।

आश्चर्य त यो छ कि जसरी कथा भन्नु र सुन्नुमा केही लाभ नभएको बताउनुहुने त्यस महाशय पसले छ, उनकै धर्मपत्नी सधैँझैं विहारमा गई भिक्षुहरूबाट धर्म-उपदेश सुन्ने गर्दागर्दै धेरै व्यवहारमा परिवर्तन आएको देखी स्वयं ती पसले पनि धर्मपत्नीकै बाटोमा आकर्षित हुँदै आए। अब त कथा सुन्ने र भिक्षुहरूलाई आफ्नै घरमा बेलाबेलामा निमन्त्रण गरी दानधर्म गर्ने बानी पनि भइसक्यो। यसरी धर्मपत्नीको प्रभावबाट ती पसलेलाई राम्रो बाटोमा अघिसर्न ठूलो टेवा मिल्न गएको बुझिन्छ।

भगवान् बुद्धकै उपदेश र शिक्षा अनुसार यदि हामीले कथा वाचन गरे वा सुने अनुरुप आफ्नो चरित्र सुधार्न नसकेपनि आफूले गरेको काम बेठीक, असंयमित भनी बुझ्न् मात्र सकेमा पनि त्यो राम्रो कुरा भइदिन्छ, सुधिने मौका पाइन्छ। आफ्नो गल्ती महशुस गर्न सक्नु पनि शुभलक्षण हो। गल्ती सबैबाट हुन्छ, यसबाट कोही पनि मुक्त छैन। परन्तु हामीबाट भइरहने गल्ती स्वीकार्ने मात्र नभई दिनानुदिन सुधार्दै लानेतिर ध्यान केन्द्रित गर्नु नै फलादायी हुनेछ।

धर्म-उपदेश गरेजस्तै वा सुनेजस्तै आचरणमा कार्यरुप दिन नसक्नुका थुप्रै कारणहरू हुन सक्दछन्। मुख्य कुरा आफ्नो मन (चित्त) लाई शुद्ध राख्न र अधिनमा राख्न नसक्नु, तर मनले भनेको ठाउँमा आफू देखिनु नै हो। साँच्चै भन्ने हो भने हामीले चाहे अनुसार यहाँ केही हुनै सक्दैन, हनै पर्छ भन्ने पनि त छैन नि। जसरी खेतमा धान रोप्दा साथमा अनावश्यक घाँस पनि उम्रिन्छ, यसरी नै हामी कोही कसैलाई राम्रो बाटोमा देख्दै कुकर्ममा फसेको समेत पाउँछौं। जेसुकै होस् हामी धर्म-कर्मसम्बन्धी कथा सुनाउने र सुन्नेहरूले नै पहिले शुद्ध-पवित्र आचरण व्यवहारवादी भई समाजमा उभिनु पर्ने देखिन्छ। यसो गर्न सकेमा नै हाम्रो लागि धर्म एक सहारा एवं भरोसा हुनेछ।

(साभार- भिक्षु अश्वघोषका छानिएका रचनाहरू पुस्तकबाट)

◆

महाभिनिष्क्रमण - २

✍ चित्तधर हृदय

अमिगु दैन्य दशा खना: अन मत थिना: च्वन न्ह्यूगु थें
पलपसा पिन्य पिलिक थित सो हाय अमित हिस्या: गु थें ।
ज्वीगु जुगुलिं मन बिमोहित अमिगु सुन्दर रूपत
आ: उकीं हे वैगु मन झं जुल बिरक्त सशंकित ।
फुक खना: वीभत्स दृश्यत उगु सुसज्जित सदनया
हा ! श्मशान समान खन वं मनस तीव्र घृणा लुया: ।
थ: मने वं थुगु खँ ल्वीकल "खै मखुत आ: थन च्वनां
विषय भोगं तृप्त ज्वी मखु गहन विपिने भिन वनां"
हाकनं अन कामिनीपिनि रूप यौवन-जल दुगु
न्ह्योन्यसं खन न्ह्या:गु मद्दिक विश्व जीवन-खुसि छ्गू,
वैगु धारा ख: जरा, आवर्त नाना रोगया
उख्यर मृत्यु-महासमुद्रं च्वंगु "वा" धाधां पिया: ।
स: मवयक अनं दना: वं "पिन्य सुदु ?" धका स:तल,
"दास दु" धका द्वारया पिन्य द्यम्ह छंदक ब्वां वल ।
वैत आज्ञा जुल "ननानं छाय्पि छंदक ! कंठक"
"अर्धरात्री छाय् प्रभो सल ?" वं लिस: बिल तीजक
"ख: सखे ! थौं जिगु महा अभिनिष्क्रमणया शुभ दिन
सल गया: वन्य" बोधिसत्वं धाल- "सल हति याकन ।"
धाय्त वं "आज्ञाशिरोपर" धाल अय्नं मन मच्वं,
पिन्य वया: ग्वाहालि फ्वंजुल "मखुथ्य ज्वीन" धका ख्वख्वं ।

वैगु उगु रोदन सुनानं ता:गु मखु नंन्या:गुलिं
वैगु ख्वबिधा: नाप त्वाय्चिन सो लखं हाहां पलिं ।
सु छम्हं हे दंगु मखना: सलगले वन छंदक,
पूर्व परिचित थ:म्ह पासा खंगुलिं उम्ह कंठक
ध्वक्क सलग: "म्हाजि" धै थें ध्वाक्क खो न्याय्का: सन,
सारथीं म्हे पित्तु पीका: च्वन तिसां तीका अन ,
उख्यर राजकुमारया मन स्मृतिसुकां साला: कया:
ख्वा: छको स्वे धैगु इच्छां वन प्रिया, प्रिय पुत्रया ।
अन लुखां दुन्य वन्यव दृग वन थीगु दीपकया जले
दुरु समान तुयूगु लासाय् प्रेमया उगु देगले ।
स्वप्न संसारे वना: प्रिय

अर्कवन्धु कुमारया
प्रेम-कण थ: हृदय-उदधी लाय्व लूम्ह शशाङ्कया
नाप नभस यशोधरायां थ: पयोधर जुल धका
म्हंम्ह गोपां पुत्र राहुलया शिरेध: ल्हा: दिका:
च्वंगु खन, अल्य वैगु मन- र विया नुग: झं क्वा: वन,
उगु जलधिया प्रेम-जल निं त्वन्यगु इच्छा जू वन ।
पूर्व प्रेमं पाँय् छुना: च्वन, पिन्य बिरागं स:तल,
प्रेमया प्रतिमूर्ति गोपायागु प्रेम दना: वल ।
रत्नमाला नाप नाप बियागु लुमन हृदय-लता,
ल्हा: ज्वना: यानागु प्रण नं लुमन ब्याक्क छता छता ।

"पुत्रयात छको बुया: स्वे" धैगु लुल न्हाँ भावना,
काय् धका निपला: पला: छित प्रियतमाया थाय् वना: ।
"दनि व !" धैगु झसंक लुमना: लिचिल भति हानं पला:
"म्वाय्स्य दंसा नाप च्वन्य दै जीवने थौं पलख ला"

धैगु आशं न्हयचिल हानं, लुमन "मृत्यु भयंकर ।"
राक्षसी सम व्याधि नं खन, खात तन फुक थर थर ।
लुमन प्राणीतय्‌गु दु:खत, लुमन प्रण गृहत्यागया,
पुत्र, पत्नी-प्रेम वांछूवत विश्वप्रेमं मन व्वया: ।
देह तोता: प्राण प्याहाँ वनिगु थें हे याकन
योम्ह गोपायात वाना: वल व गोपाजीवन ।
थ:गु गृहया मणिविनिर्मित त्वाथलं क्वाहाँ वया:
स्व:बले सल सहित छन्दक द्वारया क्वे हे दया:
जवगु ल्हातं खवगु प्यंपाय्‌ वैत दाया: छ्थु निगु
धाल "कंठक यंकि याकन म्हे तया: छं सुतु सुतु ।"
वेश भूषा युक्त थ: प्रभु बोधिसत्व खना छको
यात तुति नतुना "बिज्याय्‌मत्य" धा:गु थे हीं ही जक
वैगु स: नं ताय्‌ मदय्‌क बिलीन जुल घन घर घरे,
तिंन्हुया: सल गल कुमारं दृढ लगाम तया: करे ।
वनिन राजकुमार प्याहाँ धैगु शोकं प्रकृतिया
ख्यूँगु ख्वा: वाफुति- यँका, शीकर-तिका दुगु गां पुया:

च्वंगुला वा नगर नापं थन्यत वाहाँ खा:गुला -
म्हुतुसि सम कादम्विनी खन्यदय्‌क वा थं चञ्चला
त: न्हु तक न्ह्योपा: जुया: जक द्वारपालकपिं फुक
अन न्ह्यलं भति व्वा:गु वर्षा जूगुलिं छुं याउँक ।
हा उकीं कंठक व छन्दक हा:गु अमिसं छं मता:
भय दु बरु बिसि वनिगु गौतम अमिगु म्हगसे नं छता ।
मूलुखा आधार दनि आ: सारथीया धैर्यया
मीर थजु निम्ह प्यम्ह नरं चाइगु मखुगु खापा दया: ।
शाक्यनन्दन सल गया: वल सारथी ल्यूल्यू तया:
अश्व तिंन्हवीका: पुला: वन्य द्वार धैगु मती कया: ,
द्वार दूरे तिनिबले हे सल छको प्याखं हुल,
तिं न्हुया: वन्यद्वार धैथें 'फूंक' वं न्हाय्‌ न्याय्‌ कल
नेत्र तिनिमिनि धाय्‌क सकतां पिलिक खन्यदत न्हां छको,
न्याल पृथ्वी थ्वक्क अल्य तांग्रांक न्हाय्‌पं पिलि गुक ।
बज्रमलखं कल खनी दृढ द्वार ज्वीक कुचा कुचा,
गय्‌व कुतिवयि थें अल:मां तोधुला: उकिया कचा
सारथीया धैर्य कुतिवल द्वार दृढताया सिमां
दुर्बलं ब:कायि थें जुजु छंद्‌कं ब:काल- "मां !"
चायक्य म्वाक लुखा सुनानं दुंगलिं हर्षित मनं
वन स्वस्वं चूं दंगु चिच्चा: दंगु मायानन्दनं ।

वैगु त्यागी मनस हानं आक्रमण जुल मारया-
"विश्व त्याका: कीर्तिशाली चक्रवर्ती जुजु जुया:
सप्तरत्नं पूर्ण ज्वीका: या प्रजा निं पालना
थ: म्ह नकतिनि बूम्ह पुत्र व प्रियतमा नापं च्वना:"
थ:थमं मन बोध यायां "छाय्‌ थज्यागु मने तया ।
प्राण वंसां वचन मवनिगु वंश ख: छं सूर्यया
पुत्र पत्नीपिन्त सोवा बुद्ध ज्वी धुंका: वया:
थौं पला: छित छित" धका वँन बोधि मार्गे मन छूवया ।
देशया पिन्य थ्यन्यव हानं चा:हुला: थ: देशया
दृश्य थौं दिल्लापुन्ही खुनु स्वेगु आकांक्षा जुया:
यात थमनं थ:त संयत "चित्त छाय्‌ चञ्चल जुया: !"
थ: म्ह थमनं चा:हुला: उगु थ:गु देश छको स्वया:
ल:धलं चा: हूगु पक्‌खा: नगरया दृढ दूर्गत
ल्यून्य लाका: सारथी सल सहित शुद्धोदन सुत
वंगुलिं शोकं निशां त: वंगुला पीडित जया:
अश्रु तिकितिकि ज्व:गु सालुस्य च्वंगु तममय गां न्यया: ।
सिलिक वर्षायागु सुथया वायु न्ह्या:वल चञ्चल
बिरहिनीया आह मिश्रित श्वास थें अति शीतल ।
दिग्बधू लज्जां रजत मय मुगुजि दुगु गाय्‌ पोचिना:
त:गु खन्यदत सूर्यकर आ: वैगु उगु गा भति गुना: ।
भ्कं मछ्राला: खन्य दया: हा: वैगु शुभ्र पयोधर
ख्वा: किका: च्वन्य त्यंगुला मस्यु सात्तु साला: रविकर ।

वैगु ख्वा: बांलाक सीदत भ्रं करं घय्‌पूबले
वैगु क्षितिज-कपोल ब्रीडा रक्त रञ्जित जुल अल्य।
छयौं फुसे च्वे च्वे कपाय् थें च्वंगु शुल्क सुपाय् खना:
तंम्वया: थ: राज चिन्ह: समान घुँ सँ व न्हिप्यं क्यना:
धा:गु थें च्वं थँ थँ स्वया: च्वे संक गौर कलेवर
"ख: जि नं ला अश्व पति हे सो जिके निफि चामर"
चच्छि तक वर्षा जुया: ध्याच:गु लैं खो चिं ततं
वँन सलं वाउँगु पुवाचायागु लोभं ई ल्हव ल्हवं।
सक भनं वाउँरु पिना: तल वा गुथाय् तक वं मिखा,
अमिगु स: ताय् वं चुलुक बिसि वंगु सो न्याया बथां।
हा:गु नकतिनि तायदु ब्यांचा सुंक च्वन आ: अमि सलं,
ल: छगू बुं मेगु ब्वीं न्हया:वंगु ताय् दत कलकलं।
लोक-लज्जायागु भय थें त:गु ब्वीं वालं चिना:
बल छको वृषभं पिका:सा छ्वे फुक हाकुं तिना:।
कमलपित्तं क:म्ह रोगीं खनिगु थें म्हासुगु जक
प्राय वर्षाया प्रसादं वाउँ या: च्वन ख्यो फुक।
खन्य मदुगुलिं सूर्य शशधर नभस मेघं तोपुया:
लैं सिथे ह्याउँगु, तुयूगु निता सिन्हाज्यास्वां हवया:

अंशुमाली छम्ह व छम्ह शुभ्रांशु ज्वीधुन धा:गुला
न्यंक उख्य थुख्य रश्मि थें बैं त:गुला मस्यु स्वां ह्वला:!
यामिनीया प्रवल वर्षा हा:गु अं प्रकृति सगं
ब्यूगु ज्वीमा: मद्य सम जल बिन्दु हाय्‌का: तरु-दलं।
पासि, ब:सि व फंसि आदि सि स:गु शाखा थँ थँ स्वस्वं
अश्व ल्यू ल्यू वँन व छन्दक ह्व:गु गुन्त:स्वाँ ध्व ध्वं।
वाटिका गुलि गुलि पुला: वन जा:गु वृक्ष वनस्पत्ति
मेघ रब लिस्य नृत्य याना: च्वंगु म्हय्‌खा दम्पत्ति।
गुलि छिना: वन हंस सारस, क्रौञ्च, वक दुगु निम्नगा
गुलि पुलां च्वन सो उफोस्वां ह्व:गु पद्माकर बुँ गा:।
गुलि अरण्याणी पुला: वँन ख्यूँ गु सिसिमाया हलं,
भ्र्याम्ब गुँखि दुगु दम्वि, खासा, प्या दया: ध्याच:गु लं
थुगु प्रकारं बोधिसत्वं राज्य ई थें वांछूवया:
पार वन कोलीय, रामग्राम आदिक राष्ट्रया।
वं अहो कुलयागु मर्यादा तुतिं ध्वाना: वन,
बा: वया: सो कूल मर्यादा नदीं स्यंका: च्वन।
बा व खुसिया भक्ति श्रद्धा भय्‌बिया: ब्वांब्वां वया:
वैगु चरणे शुभ्र फेनिल च्वामलं गाय्‌कुगु स्वया:
स्फटिक सद्‌टशगु त्याफिया वा वृक्षया हा-वाकुधी
पुलुक भति खन्यदय्‌क कूलं वेत स्वागत या:गु ज्वी।

न्यन कुमारं "सौम्य! ध्व छु खुसि? न्यंक सो सो गुलि फिस:?"
"देव ख: थुगु खुसि अनोमा" सारथीं थथ्य बिल लिस:।
"ज्वीगु जिगु संन्यास थन हे" बोधिसत्वं थुलि धया:
च्वा:बले ग्वालिं अनोमा पार वन सल तिंन्हुया:
नाग पुखुलिं लीबले मेघं छत्या: त्या: गय् बुया:
सात्तु साला: यनि व थें हे सारथी ल्यू ल्यू तया:।
उख्यर तीरे थ्यन्यव याकन हे सलं क्वाहाँ वया:
भिंगु मणि मय मुकुट कुण्डल पाट बस्त्र त्वया: त्वया:
मोतिमय लाकां त्वत्वं नायूगु फी पालिं चुया:
बोधिसत्वं धाल थुलि त्वाल्हाय्‌त थ:गु सं चुपि लुया: -
"छ ल्याहाँ हुँ पासा तिसा वस्त्र अश्व
ज्वना: भ्रीगु देशे पिताया समक्ष
वना बिन्ति या छं 'जि सर्वार्थसिद्ध
जरा, जन्म, मृत्यु जुया: मुक्त बुद्ध
वया: पालि स्व:वे पिता चांजुयागु
बुबा! ज्वीगु ज्वीमा:गु छाय् शोक याय्‌गु!'
लिपा वैत छं मित्र! या बोध गाक्क
ध्व जिं धैगु सन्देश नं न्यंकि ब्याक्क
'ध्व हृद्-सागरे मुंगु भ्री प्रेमया ल:
छुयाय् विश्व-प्रेमं रविं थें थँसाल

प्रिये ! छं बिचा: या सदा पुत्रयात ध्व जन्मे कला: भा:त भ्री ज्वीगु गात ।" (भुजङ्गप्रयात) थ: प्रभुं थुलि धाय्‌व छंदकयागु हं सं तो तल, न्हयोन्य आताहाँ च्वना: वं नं मवा: ज्यो थें जुल । बोधिसत्वं धाल "शीघ्र हुँ सल, वस:, भूषण कया:" "दास नं वे नाथ नापं" धाल वं भसुका: तया: । धाल हानं "याय् मखुनि जिं छन्त संन्यासी सखे ! जिगु खँ कंवन्य मानि छं माता पिताया सम्मुखे ।" शिञ्जिनी च:फ्वीगु ल्हातं वं जजंका च:फुना: थ:गु मणिमय चुदुगु खद्‌गं केश नं त्वा ल्हा: खना: सारथी ख्वल- "देव जन्मजुस्यं निस्यं नीगुदँ तक चरण सेवायागु फल फ्वन्य 'यंकि नापं' थुलि जक" वैत ह्येकल- "कपिलवस्तुस वेबले जिं छन्त नं हयगु जुल नापं ब्वना: ल्याहाँ हुँ आ:याकन थनं" सल ज्वना: छन्दक ख्वख्वं याना: प्रणाम लिफ: स्वस्वं हाय खासा न्ह्या:गु थें वल, उख्य पला: छित गौतमं । वं वं व मखन परस्पर निख्यर क्षितिजे तन निम्ह, अमिगु विरहं ख्व: नि आ:तक नं सिन्हाज्याकी छम्ह ! सुगत-सौरभ महाकाव्यया महाभिनिष्क्रमण नामगु च्यागूगु सर्ग सिधल । **ने.सं. ६३ साल घ्योचाकु संल्हू**

◆

लकडाउन

✍ चन्द्रबहादुर उलक

उखें लकडाउन थुखें लकडाउन
लकडाउन लकडाउन विश्व हे,
लकडाउन उपाय तसकं त:धां
म्हुतिइ पाकां सुयोबिल वं ।

हिपातिं चुलेता थाय्‌मरु स्वितां
थ:गु थाय् त्व:त वानेमज्यू गनानं
था गा मरुपुं मनूत फुकं
दु:खसिल थाना अतिकं अतिकं ।

मनूया पुचलय् मनू हे धुँ थे
ग्याङच्वने मगु ई ध्व गपाचं,
मां, बौ, मचा-खाचा सकलें सकलें
थ: थ: दथि शंका वां ।

गुलिंसिया फाइदा गुलिंसिया काइदा
मौका बाँलागु लुइक च्वं,
मति कुह्मपुं नेता भाजुपिंनी
हाकु व्यापार याङजक च्वं ।

भ्रष्टचारीत नांया लोभं
धोग्गिगु राशन दानयाङ च्वं,
न्हयाथाय् च्वंसां न्हयाथाय वांसां
मन्त्रीं भीयाय् ग्वांय्‌पियो च्वं ।

राहत ब्युब्यूं आहत यागुलिं
गतां नेताया चबुयो च्वं
उखें लकडाउन थुखें लकडाउन
कोरना भाइरस ग्याँपुसे च्वं ।

An Indian Artist in China

Dr. Svlvain Levi

With the introduction of Buddhism in China, it brought in a large number of Buddhist monks from India to preach the Dhamma of Lord Buddha in that land of ancient civilization. It also requisitioned a good number of sculptors to make the images of Buddha and Bodhisatvas in their various moods. In the present paper, an account of an Indian Artist from Nepal, is given from Chinese sources. His name was A-r-ni-ko. He arrived in the court of Kublai khan about 1263. He was well received by the Emperor. He instructed the Chinese artists in the art of Indian sculpture. We can trace the influence of Indian art on Chinese art to A-r-ni-ko and other artists who preceded him. - Translator.

During my sojourn in Japan, the Rev: Akamatzu. made a present to me of a copy of Tsao-Siang-leang king (sutra on the proportions of statues). This sutra, (published in China, thirty years ago by Yang Wen-hoei (1) is accompained by an interesting commentary and some important plates. It represents the tradition, introduced in China by a Nepali artist A-ni-ko. The biography of this artist has been preserved by the Annuals of Yuan (Chap. 203 end.) Which calls him A-ni-ko (2) It tends of throw some light on a very obscure period of the history of Nepal. Born in 1243 (conequently during the disastrous reign of Abhaya Malla: of Le Nepal-S. Levi II p. 214 etc.) he quitted Nepal before the reigon of Ananda Malla for going to work in Tibet with a band of monk sculptors and painters. The Account of the Annals does not indicate expressly whether Nepal had been a vassal to Tibet at that time: but it guarantees all the same, the persistence and the importance of the relations between the two countries in the second half of the 13 th century- at this particularly agitaed time, when the Mongal dynasty of Yuan disputed and wrested the Empire of China from the last princes of the southern branch of Soung, When Kublai khan invied the Buddhists, Taoists, Nestorian Chirstians, Romans and --Musalmans to his count. A-r-ni-ko, who arrived about 1263 at the Mongol Court, did not meet the ambassador of St. Louis, the monk Rubruquis, who had sojouned there between 1253-1254. He, However, found there the representatives of all the great faiths of the world. He himself was able to defeat Marcopolo, a glorious representative of Europe. The biography of A-r-ni-ko intordouce a new fact in the history of Nepalese Buddhism: the formal verification of the regular relations between Nepal and Tibet, under the

auspices of Phago-pa, in the beginning of the carreer of this illustrated monk, implies that Nepal did not remain stranger to the powerful movement, which created and organized Lamaism. One could no more isolate Nepal from Tibet in the course of the XIIIth century.

Finally the considerable role attributed, by the evidence of the Annals themselves, to the influence of a Nepali artist on the art in China, renders the hypothesis, which I have formed on the Nepalese origin of the 'pagoda' style in China and in Japan, still more probable. (Cf, Le Nepal, Vol. 11 p. 11, etc.). The annals of Yuan (ch. 203, end) says:

'A-r-ni-ko was the native of Nepal. The people of that kingdom called him Pa-le-pou. When young, he showed surpassing intelligence, quite beyond the average children. A little older, he could recite by heart the Buddhist Texts, and at the end of a year he could understand theis sense. Among his school- fellow, he jad one, who was a designer, paintep, modeller and decoratop and who recited the cannon of Priportions. What he once heard, he could repeat, Growing older, he excelled in designing, modeling and casting images in metal. In the frist Tchongt' ong year (1260 A.D) an order was given to the master of the Emperor (Tiche) Pa-k-o-se-pa (Phagspa) to erect in Tibet a pagoda of gold. Hundred chosen artists of Nepal were to go to execute that work. Eighty were found, but a chief of these workmen was required. No. one, however was found to lead that band. A-r-ni-ko, who was then 17 years old, wanted to proceed. He was told of the difficulties due to his age, but he replied:- "I may be young, but not my spirit". He was, therefore, allowed to start. The Acharya of the Emperor was astonished to see him. He asked him to inspect the work. In the following year, the pagoda was completed A-r-ni-ko, then, asked his permission to return. The Acharya of the Emperor, pressed him to go and present himself in the imperial court. Moreover he gave him tonsure and ordination, and accepted him as a disciple. Following the lama's advice, A-rni-ko, therefore, went to present himself in the court. The Emperor, having observed him at length, asked him: "You come to a great kingdom, Don't you experience any fear ?" He replied- "Your Majesty treats ten thousand countries as your children. Why should a child, when coming before his father, be afraid ?". The Emperor asked again- "Why have you come here ?" He answered -"My mother country is in the Western countries. I received the royal order to make a stupa in Tibet. I have executed that order in two years yonder . I have seen the disorders of war, the people incapable of maintaining their lives. Wishing that your Majesty would establish peace, with out considering the Length of the distance, for the good of beings, I have come here". The Emperor enquired:- "What do you know to make". He replied- "I know to design, to model to cast images in metal." The Emperor ordered him to take up a copper statue in the palance and pointing it out, he told him- "here is a atatue which was presented on the occasion of the embassy of Ngan- gou Wang-tsi of the Soung. It has suffered from time, and there

is no person who can set it right. Can you do it over again ?" He replied- "Your Subject has no practice. However, I want to try." In the second Tche-yuan year (1265) the statue, all new was finished. The artists in metal were astonished at his super natural talent. In all the monasteries of the two capitals, most of the statues were from his hands. There was no picture, which could attain to the perfection of the portraits of various Emperora, which he made on the tissue of silk. In the 10th Tchc-yuam year (1214 A.D. the supreme authority was given to him over all the artists in metal, with the seal of silver marked with tiger. In the fifteenth year (1279 A.D.) a decree allowed him to return to his old holding of laymen. He then received the charges of Koanlou-ta-fou, ta-seu-t' ou, the controller of the court of imperial manufacturers. He enjoyed incomparable favours and gifts. After his death, he has given the posthumous title of T ai-che, K'ai-fou-yi T' on g-san-se, the Duke of the kingdom of Leang, Chang-tchou-kouo and the posthumous name of Min-hoei (Prompt Intelligence) (3)
"The Maha-Bodhi" (Vol. 30 Oct. 1922)

◆

लोक धर्म

१) लाभ २) अलाभ=लाभ प्राप्त नहुनु, ३) यस=यश परिवार धेरै हुनु, ४) अयस=यश परिवाररहित हुनु, ५) निन्दा-आफूलाई निन्दा उत्पन्न हुनु, ६) पसंसा- प्रशंसा प्राप्त हुनु, ७) सुख=सुख हुनु, ८) दुक्ख=दु:ख हुनु लोकधर्महरू हुन् ।

यी आठवटा स्वभाव धर्महरू चक्रजस्तै घुमी-घुमी आलोपालो गरी उत्पन्न हुने स्वभावका रहेछन् । लोकमा बस्नुपर्ने भयो भने नीश्चत रुपले सामना गर्नुपर्ने स्वभाव भएकोले 'लोकधर्म' भनेको हो । तथागत समेत यसबाट मुक्त हुनुभएन । तथागतसँग एक दुई पटक भ्याइनभ्याई हुने गरी अनगिन्ति रुपले चतु:प्रत्यय (भोजन, आवास, वस्त्र र औषधी) धेरै उपलब्ध भए पनि एक दुई पटक भने दुर्लभ भएको थियो । वेरञ्जा देशमा वर्षावास बस्नुभएको बेलामा कोदोको खस्रो भोजन सेवन गर्नुपऱ्यो । एकपल्ट एकनाल ब्राह्मण गाउँमा भिक्षाटन जानुहुँदा त्यहाँको बासिन्दाहरूमा मार पसेर भिक्षा दान गर्न बिर्सिरहेकोले खाली पात्र नै बोकेर फर्किनुपऱ्यो ।

देव, मनुष्य, ब्रम्हाहरूबाट अतुलनीय प्रशंसा शब्दहरू प्राप्त भए पनि चिञ्चमाणविकाको दोषारोपण, सुन्दरी परिब्राजिकाको दोषारोपण आदिका कारणले गर्दा अवांछित व्यक्तिहरूबाट निन्दा पनि भोग्नुपऱ्यो । फलसमापत्ति सुख, निरोध समापत्ति सुख भन्ने पूर्ण सुख अनुभव गर्नपाएका तथागतले समेत एक दुई पटक कम्मर दुख्ने, पखाला लाग्ने आदि दु:ख पनि सामना गर्नुपरेको थियो ।

बुद्धले समेत सामना गर्नुपरेका ती स्वभावहरूलाई जस्तोसुकैले पनि पछि सामना गर्नुपर्ने भएकोले 'लोकस्स धम्मा लोकधम्मा' -लोकको धर्म, लोक रहिरहेसम्म अलग्याउन नसकिने, हटाउन नसकिने छलेर पठाउन नसकिने धर्महरू हुन् भनी बुझ्नुपर्दछ ।

'नयाँ परित्राण निश्चय', भाग-१, पेज-२७२

डा. इडवार्ड कोन्जे

✍ रत्नसुन्दर शाक्य

२० औं शताब्दीमा यूरोपमा प्रादुर्भाव हुनुभएका केही विशिष्ट बौद्ध विद्वान्हरूमा डा. इडवार्ड कोन्जे (Dr. Edward Conze) पनि एक प्रमुख हुनुहुन्छ । उहाँ मार्क्सवादी जगत्का पनि सुविख्यात व्यक्तित्त्व हुनुहुन्छ ।

उहाँको जन्म १८ मार्च १९०४ का दिन इङ्लैण्डको लेविशाम (Lewisham) नामक शहरमा त्यहाँको एक प्रतिष्ठित कानूनविद डा. इन्र्स्ट कोन्जे (Dr. Ernst Conze. 1872-1935) को पुत्रको रुपमा भएको थियो । उहाँको परिवार वैज्ञानिक समाजवादका प्रवर्तक कार्लमार्क्स (सन् १८१८-८३) का परममित्र फ्रेडरिक एंगेल्स (सन् १८२०-९५) का सम्बन्धित थिए ।

डा. इन्र्स्ट कोन्जे-आफ्नो योग्यताको फलस्वरुप जर्मनको उप-अभिवक्ता (Vicc-consul) नियुक्ति भई इङ्लैण्ड प्रवाश गर्नुभएको बेला जन्मिएको कारण इडवार्ड कोन्जे - इङ्लैण्डको नागरिकको रुपमा पनि प्रसिद्धि पाउन सफल हुनुभएको थियो ।

उहाँले आफ्नो सम्पूर्ण उच्चशिक्षा जर्मनको विभिन्न विश्वविद्यालयहरूबाट प्राप्त गर्नुभएको थियो जसमा बोन, हेम्बर्ग र कोलोनको विश्वविद्यालय प्रमुख थियो । उहाँले बोन र हेम्बर्ग विश्वविद्यालयबाट पाश्चात्य एवं भारतीय दर्शनको तुलनात्मक अध्ययन सम्पन्न गर्नुभएको थियो त Cologne University बाट सन १९२८ मा डाक्टरेट (Ph.D.) को उपाधि हासिल गर्नुभएको थियो ।

डा. इडवार्ड कोन्जेको एक गुरुवर हिडेलवर्ग विश्वविद्यालय (Heidelberg University) का एक प्रमुख प्राच्यविद् हुनुभएका मैक्स वाल्लेसर (Max walleser, 1874-1954) पनि थियो जो त्यसताका भारत, तिब्बत एवं चीनीविद् थिए जसले प्राचीन संस्कृत एवं पाली बौद्ध ग्रन्थहरूको अनेकौं सम्पादन एवं प्रकाशन गरिसकेका थिए जसमा प्रमुखतः अष्टसहश्रिका प्रज्ञापारमिता, वज्रच्छेदिका प्रज्ञापारमिता, मनोरथपुरणी (पाली अंगुत्तरनिकाय ग्रन्थको अट्ठकथा) आदि थिए ।

बाल्यावस्थाको उमेर (१३ वर्ष) देखि नै पूर्वीय दर्शन अन्तर्गत बुद्ध-धर्मबाट विशेष प्रभावित भइसकेका डा. इडवार्ड कोन्जे त्यसताकाको स्थिति अनुरुप मार्क्सवाद तर्फ पनि सक्रिय रूपमा

लाग्नुभएको थियो । उहाँले सन् १९३० को सुरुमा जर्मनमा "कम्युनिस्ट पार्टी" को स्थापना र सञ्चालनमा अथक योगदान गरेका थिए । उहाँले जर्मनको बोन र हैम्बर्गमा कम्युनिस्ट गतिविधिहरू सञ्चालनमा सक्रिय भूमिका निर्वाह गरेबाट उहाँले आफ्नो जीवन केही समय खतरापूर्ण स्थितिमा राखिसकेको प्रसंग (वर्णन) आफ्नो कृति "Memoirs of A Modern Gnostic" मा उल्लेख गरिराखेको हामी पाउँछौं ।

त्यसताका (सन् १९३२)मा जर्मनमा एडोल्फ हिटलर (Adolf Hitler, 1889-1945) को "नाजी पार्टी" प्रमुख पार्टी भई सत्तामा आइसकेको थियो । सन १९३३ मा यस पार्टीका सर्वेसर्वा हिटलरले तानाशाही रूपमा राज्य सञ्चालन सुरु गरिसकेको थियो । अत: मार्क्सवादका सक्रिय कार्यकर्ता हुनुभएका डा. इडवार्ड कोन्जे जर्मनमा रहिरहनु सम्भव भएन, उहाँ जर्मन छोडी इङ्गलैण्ड पुगे । इङ्गलैण्डमा आफ्नो नागरिकताको पुनर्वहाली (Renew) गरे । उहाँले त्यहाँ ब्रितिश युवाहरूलाई जर्मन भाषा सिकाउनुको साथै अन्य कयौं विषयहरूमा रात्री कक्षा पनि सञ्चालन गर्दै लगेको थियो । उहाँ इङ्गलैण्डको मजदुर दल (Labour Party) मा सामेल भई सो पार्टीका प्रमुख व्यक्तिहरू र अन्य बुद्धिजीवीहरू सित पनि सम्पर्क बढाउँदै लगेको थियो । उहाँले त्यसताकाको मजदुर दलका प्रमुख इलेन विल्किन्सन (Ellen Wilkinson) सित संयुक्त रूपमा दुईवटा कृति रचना गरी प्रकाशन पनि गरेका थिए, ती हुन् -Why War ? & Why Fascism ? यी दुबै कृति सन् १९३४ मा प्रकाशित भएको थियो । स्मरणीय छ, यसभन्दा अगाडि पनि उहाँको एक कृति प्रकाशनमा आइसकेको थियो, त्यो हो -'The Principale of Contradiction' ।

डा. इडवार्ड कोन्जे इङ्गलैण्डको विभिन्न सामाजिक गतिविधिहरूमा पनि सक्रिय हुँदै आउनुको साथै विभिन्न पर्चा एवं कृतिहरू लेखनबाट प्रसिद्धि पाउँदै गएको फलस्वरुप उहाँ ३५ वर्षको उमेरमै इङ्गलैण्डको एक प्रमुख बुद्धिजीवी व्यक्तित्वको रूपमा पहिचान बनाइसकेका थिए । यसै अवधिभित्रमा उहाँको विवाह (डोरोथिया फिन्केल्स्टेन (Dorothea Finklstein नामक महिलासित) भएर पनि भिन्न (Diverse) भइसकेको थियो । यद्यपि उहाँहरूको एक पुत्री थियो ।

सन १९३९ देखि दोस्रो विश्वयुद्ध सुरु हुन गएको कारण डा. इडवार्ड कोन्जेले आफ्नो एक समूह बनाई जङ्गलमा गई ध्यानाभ्यास गर्ने तर्फ लाग्नुभएको थियो । यसको निमित्त उहाँले मार्ग निर्देशनको रूपमा ईशाको पाँचौ शदीका आचार्य बुद्धघोषको "विशुद्धिमग्ग" ग्रन्थ आधार लिनुभएको थियो जुन ग्रन्थमा बौद्ध दर्शनको आधारभूत सिद्धान्त- शील, समाधि र प्रज्ञाको विस्तृत विवेचना रहेको थियो ।

यसै युद्धकाल (सन् १९३९-४५)को अवधिभित्रमा डा. इडवार्ड कोन्जेले विशेषत: जापानका सुप्रसिद्ध महायानी बौद्ध विद्वान् डी.टी. सुजुकी (Daisetz Teitaro Suzuki, 1870-1966) र भारतका एक राजनीतिज्ञ एवं बौद्ध विद्वान् लाला हरदयाल (सन् १८८४-१९३९) ले लेखिएका बुद्ध-धर्मसम्बन्धी कृतिहरूको अध्ययनबाट उहाँ निष्कर्शमा पुग्नुभयो कि बुद्ध-धर्मको महानता मार्क्सवाद भन्दा पनि उच्च (आदर्शमा) रहेको छ । अत: उहाँ

राजनीतिबाट धर्मनीतितिर विशेष रूपमा लाग्नुभएको थियो ।

युद्धको समाप्तिपश्चात् डा. इडवार्ड कोन्जे अक्सफोर्ड मै फर्कनु भयो जहाँ उहाँले पहिले नै मनोविज्ञान र तुलनात्मक धर्म-दर्शनको अध्यापन कार्यमा लागि सक्नुभएको थियो । यसै अध्यापनकार्यमा उहाँ निरन्तर सन् १९६० सम्म लाग्नुभएको थियो । युद्धको समाप्तिपश्चात् उहाँले Muriel Green नामक महिलासित दोस्रो विवाह गर्नुभएको थियो ।

सन् १९६३ देखि १९७३ सम्म (पूरा एक दशक) डा. इडवार्ड कोन्जे लायन्चेस्टर विश्वविद्यालय (Lancaster University) को धार्मिक अध्ययन विभागको Visiting Professor भई पुन: एकपटक यूरोप र अमेरिकाको विभिन्न विश्वविद्यालयहरूमा पुगी अध्यापन कार्यमा लाग्नुभएको थियो ।

यसै अवधिभित्रमा सन १९७० मा उहाँ एकपटक क्यानाडा र संयुक्त राज्य अमेरिकामा रहेका आफ्ना विद्यार्थीहरूलाई भेट्न जानुभएको थियो । उहाँका विद्यार्थीहरूले उहाँको सम्मानमा एक विशेष कार्यक्रम राखिएको थियो । सो कार्यक्रममा उहाँले गरेको सम्बोधन (Speech) मा त्यहाँका केही उच्चपदाधिकारीहरूले आपति जनाए कारण उहाँले भियतनामप्रति अमेरिकाको गतिविधि (हस्तक्षप) बारेमा केही बोल्नुभएको थियो । यसैलाई लिएर विश्वविद्यालयका केही पदाधिकारीहरू एवं उहाँका केही सहायकहरूले असन्तोष प्रकट गरेका थिए । उहाँ विगतका एक कट्टर मार्क्सवादी हुनाको कारण पनि तिनीहरूलाई अपच्य हुन गएको थियो । अत: उहाँले त्यहाँ रहिरहनु उचित सम्झनु भएन, उहाँ तुरन्तै इङ्गलैण्ड फर्केको थियो ।

डा. इडवार्ड कोन्जे बुद्ध-धर्मको तीनैयान (थेरवाद, महायान र तन्त्रयान) का विशेष ज्ञाता वा अनुपम विश्लेषक थिए । उहाँको कृतिहरूबाट यूरोपमा बुद्ध-धर्मको लोकप्रियता वृद्धि गर्नमा निकै टेवा मिल्न गएको थियो । उहाँको विशेष कृतिहरूमा Buddhism: Its Essence and Devolopment (1951), Buddhist Meditation (1956&1972), A short History of Buddhism (1958 & 1980), The Prajnaparamita Literature (1960), Bud-

सन १९३९ देखि दोस्रो विश्वयुद्ध सुरु हुन गएको कारण डा. इडवार्ड कोन्जेले आफ्नो एक समूह बनाई जङ्गलमा गई ध्यानाभ्यास गर्ने तर्फ लाग्नुभएको थियो । यसको निमित्त उहाँले मार्ग निर्देशनको रूपमा ईशाको पाँचौ शदीका आचार्य बुद्धघोषको "विशुद्धिमग्ग" ग्रन्थ आधार लिनुभएको थियो जुन ग्रन्थमा बौद्ध दर्शनको आधारभूत सिद्धान्त-शील, समाधि र प्रज्ञाको विस्तृत विवेचना रहेको थियो ।

dhist Thought in India (1962), Thirty years of Buddhist Studies (1967) आदि कृतिहरू प्रमुख रहेको छ ।

उहाँको योग्यताको कदर गरी Buddhist Society, London ले उहाँलाई उपाध्यक्ष पदमा नियुक्त गरिएको थियो । यस सोसाइटीका प्रमुख क्रिसमस हम्फ्रेज (Christmas Humphreys, 1901-83) उहाँका एक प्रमुख मित्र पनि थिए । उहाँहरू दुवै नेपालको धार्मिक इतिहासका पनि ज्ञाता थिए । डा.इडवार्ड कोन्जेले आफ्नो पुस्तक A Short History of Buddhism मा नेपालको बौद्ध इतिहासको बारेमा चर्चा गरिएको हामी पाउँछौं ।

डा. इडवार्ड कोन्जे-प्राचीन् महायानी बौद्ध ग्रन्थ "प्रज्ञापारमिता" र "अभिसमयालंकार" ग्रन्थका यूरोपका आधिकारिक बौद्ध विद्वान् थिए । उहाँले विभिन्न देशहरूमा प्राप्त अनेकौं प्रज्ञापारमिता (परमप्रज्ञासम्बन्धी) ग्रन्थहरूको उद्वार कार्यमा (अनुसन्धान) मा पूरा दुई दशक लगाउनुभइ सो विषयका सुविख्यात् पश्चिमी विद्वान् (The foremost Western Scholor of Prajnaparamita Literature) को रूपमा संज्ञा समेत पाउनुभएको थियो ।

डा. इडवार्ड कोन्जे १४ वटा भाषाका ज्ञाता हुनुको साथै यस अन्तर्गत पूर्वीय चीनी, तिब्बती, मंगोली, जापानीको साथै संस्कृत र पालीभाषाका पनि अद्वितीय भाषाविद् थिए ।

डा. कोन्जेले प्रज्ञापारमिता सम्बन्धमा मात्रै ५, ६ वटा ठुलठुला कृतिहरू बडो परिश्रमपूर्वक सम्पादन एवं अनुवाद गरी प्रकाशनमा ल्याइएका थिए । यस्तै पेशावरका प्राचीन् बौद्ध दार्शनिक आचार्य असंग (चौथो शदी) का "अभिसमयालंकार" ग्रन्थको पनि विस्तृत अध्ययन अनुसन्धान गरी सो सम्बन्धमा पनि दुईवटा विशाल कृति रचना गरी प्रकाशनमा ल्याइएको थियो ।

यसप्रकार डा. इडवार्ड कोन्जे यूरोपका एक सुविख्यात बौद्ध विद्वान् भई विभिन्न विश्वविद्यालयका अध्यापकको रुपमा मात्र सीमित नभई बौद्ध धर्म संरक्षणार्थ हेतु अढाई दर्जन जति कृतिहरूको पनि रचना गरी अन्तमा सांसारिक नियमानुसार केही दिन शेरबोर्न (Sherborne) स्थित Yeovil General Hospital मा उपचारार्थ रही २४ सेप्तेम्बर १९७९ का दिन, ७५ वर्षको उमेरमा उहाँले आफ्नो जीवन परित्याग गर्नुभएको थियो ।

सन्दर्भ

1. The Western Contribution to Buddhism - William Peiris
Motilal- Banarasidas
Jawahar Nagar, Delhi-1973
2. Brief Encyclopaedia of Buddhism in Nepal
- Harischandra Lal Singh
Ratna Pustak Bhandar
Kathamandu - 2006
3. The Light of the World - Harischandra Lal Singh
Educational Book House
Kantipath, Jamal - 2012

◆

'निरोगी' पुस्तक अध्ययन गर्दा

✍ विष्णुगोपाल कुसी

महामानव गौतम बुद्धको विचार गाउँ-ठाउँ र घर-घरमा पुऱ्याउन भिक्षु अश्वघोषले प्रवचनमात्र गरेनन् दर्जनौं पुस्तकहरू प्रकाशित गरेर आफ्नो दायित्व पूरा गरे। भिक्षु अश्वघोषका दर्जनौं विचारोत्तेजक कृतिहरूमध्ये 'निरोगी' पनि एक हो। उक्त पुस्तकको आफ्नो भनाइमा उनले चित्त शुद्ध गर्न बुद्धि शुद्धि हुनुपर्छ, बुद्धि शुद्ध गर्न शरीर शुद्ध हुनुपर्छ र शरीर शुद्धिको लागि नैतिकता, आर्थिक अवस्था तथा स्वास्थ्यजस्ता आधारभूत आवश्यकता हुनुपर्ने विचार व्यक्त गरे।

उन्नति गर्न निरोगी हुनुपर्छ। राम्रो आचरण हुनुपर्छ। मान्यजनहरूको कुरा मान्नुपर्छ। जान्ने बुझ्ने हुनुपर्छ। जान्ने बुझ्ने हुन अध्ययन गर्नुपर्छ। धर्मअनुसार व्यवहार गर्नुपर्छ। अल्छि हुनुहुँदैन। उचित आहार हुनुपर्छ। उचित बस्ने ठाउँ हुनुपर्छ। आफू बस्ने ठाउँमा सरुवा रोगी र झगडालुहरू हुनुहुँदैन। हावापानी अनुकूल हुनुपर्छ। विचार मिल्नुपर्छ। ठाउँ सफा र स्वच्छ हुनुपर्छ। परिश्रम गर्नुपर्छ। मीठोमीठो खाने तर काम नगर्ने बानीले अल्छि बनाउँछ। काम नगर्दा मोटो घाटो हुन्छ। मोटो घाटो भएमा काम गर्ने जाँगर हुँदैन। धेरै खाने र सुत्ने बानीले शरीर स्वस्थ हुँदैन। यी सबै बुद्धका मान्यताहरू हुन्।

चाकडी प्रथा राम्रो होइन परन्तु त्यो प्रथा अद्यापि छ। कुनै काम गर्न र गराउन अहिले पनि चाकडी गर्नुपर्छ, घुस खुवाउनुपर्छ। जनताको करबाट सरकारले पालेका कति कर्मचारीहरू इमानदारीपूर्वक काम गर्दैनन्, आफ्नो पदअनुसारको आचरण देखाउँदैनन्। जनताको निम्ति काम गर्न राखिएका कर्मचारीहरू समयमा काम गर्दैनन्। जनताको काममा प्राथमिकता दिँदैनन् या वास्ता गर्दैनन्। विधि र सुशासनको कुरा फुके पनि व्यवहारमा लागू हुँदैन। नेता, मन्त्री, सांसद, जनप्रतिनिधि, कार्यकर्ता, बुद्धिजीवी, कर्मचारीहरू जहिलेसम्म इमानदार हुँदैनन् पदअनुसारको कर्तव्य पालना गर्दैनन् तहिलेसम्म देशमा सुशासनको अनुभूति हुँदैन, जनताले राहत पाएको महसुस गर्दैनन्।

धेरै धन दौलत हुँदैमा मानिसको मनमा चैन हुन्छ भन्ने होइन। भारि चिन्ता र पीडा बोकेर जीवन बिताइन्छ भने अकुत सम्पत्ति भएरै के गर्ने ? चिन्ता र पीडा भएको व्यक्तिको निद्रा लाग्दैन। एकछिन निद्रा लागे पनि भङ्ग हुन्छ। उनीहरूको मन अस्थिर हुन्छ। खाने रुचि हुँदैन। ढुकुटीको सम्पत्ति गनेरमात्रै कसरी मन शान्ति हुन्छ ? कसरी आनन्दपूर्वक जीवन बित्छ ?

श्रम गरेर सम्पत्ति आर्जन गर्नुपर्छ । श्रम गरेको आर्जित सम्पत्तिप्रति आफ्नो मोह हुन्छ । सम्पत्ति थुपार्दै जाने तर समाजको कुनै ख्याल नगर्ने या समाजको दायित्व निर्वाह नगर्ने व्यक्तिको गुणगान समाजले गर्दैन । अत: समाजको दायित्व पनि निर्वाह गर्नुपर्छ । अकुत सम्पत्ति भए पनि मन स्थिर छैन या मानसिक स्थिति सन्तुलित छैन भने समाजले कुरा काट्छ । कतिले सम्पत्ति भएरै के गर्ने, स्वार्थी छ, अवसरवादी छ भनी धिक्कार्छन् ।



चाकडीबाजहरूदेखि सावधान हुनुपर्छ । उनीहरू आफू ठाउँमा पुग्न कसैको चाप्लुसी गर्छन् । उनीहरूको ध्यान रचनात्मक कार्यमा पुग्दैन । उनीहरू एकले अर्कोलाई थरी थरी कुरा गरेर झगडा गराउँछन्, दाजुभाइ र साथीहरूलाई उचालेर झगडा गराउँछन् र झगडा गरेर आफू तमासे बन्छन् । कसैले गरेको प्रगतिमा इर्ष्या राख्ने र खुट्टा तान्ने काम पनि सही होइन । सच्चा मानिसले त्यस्तो काम गर्दैन । तिनीहरूको मन सफा हुन्छ । आफ्नो बुद्धि र विवेकले भ्याएसम्म देश र समाजको सेवा गर्छ ।

सबै मानिसको आयु एकनासको हुँदैन । कुनै मानिसको आयु बढ्छ भने कुनैको घट्छ । यसका विविध पक्ष हुन्छन् । तर, आयु थपघटको नापो पूर्वजन्मको फल होइन । आयुको थपघट उसले गरेको कर्ममा भरपर्छ । आयु घटबढ हुनु पनि जीवनको परिचय होइन । लामो आयु भए पनि कसैले कुकर्म गर्छ भने समाजले गन्दैन, समाजले विश्वास गर्दैन । आयु छोटै भए पनि देश र समाजप्रति समर्पित भएर आफ्नो दायित्व निर्वाह गर्छ भने उनीहरूको जीवन सार्थक हुन्छ, समाजले मान्छ ।

व्यक्तिमुखी यो समाजमा समाजसेवीहरूको ठुलो खाँचो छ । टोलटोल र गाउँघर आँगनमा समाजसेवीहरू हुनुपर्छ । समाजसेवीहरू नभएको

समाजमा सेवा भाव हुँदैन । आफ्नोमात्र हेर्ने या समाजको कुनै ख्याल नगर्ने व्यक्तिहरूको समुदाय गतिलो हुँदैन । कसैले कसैलाई नहेर्ने समाज पनि कतै गतिलो हुन्छ ?

कुनै पनि मानिसलाई सङ्कट या आपत्विपत् पर्नसक्छ । आपत्विपत् यसलाई उसलाई पर्दैन भन्ने कुरा होइन । आपत्विपत्मा साथ र सहयोग दिनु आफ्नो धर्म हो । कुनै पनि व्यक्ति छटपटिरहेको बेला टुलुटुलु हेरेर बस्न सकिँदैन । सङ्कटमा साथ दिने व्यक्ति नै असल मान्छे हुन्छ । आपत्विपत्मा साथ दिने व्यक्तिको कदर हुन्छ । उनीहरूको नाउँ पछिसम्म रहिरहन्छ ।

जीवनमा श्रम गर्नुपर्छ या पसिना बगाउनुपर्छ । तर, आय आर्जन गर्ने नाउँमा आराम नै नगरी निरन्तर काम गरिरहन्छ भने कमजोर हुनसक्छ । थला पर्नसक्छ । थला पर्ने गरी काम गर्दा उल्टो नोक्सान हुन्छ । अत: काम गर्दा थकाइ मार्नुपर्छ । यसले ऊर्जा दिन्छ र काम गर्न सजिलो हुन्छ । मन शान्त, स्थिर बनाउनुपर्छ । दु:खको क्षण हटाउनुपर्छ भनेर खाँदै नखाई, सुत्दै नसुती ध्यान गर्नु के ठीक हो र । थकाइ नै नमारी निरन्तर काम गर्नु र समयको ख्यालै नगरी ध्यानमात्र बसिरहनाले शरीर स्वस्थ हुँदैन । शरीर नै स्वस्थ हुँदैन भने निरन्तर काम गरेर र ध्यान बसेर के गर्ने ? समयको ख्याल गर्नुपर्छ । आवश्यकताअनुसार खानपिन र उठबस पनि गरिरहनुपर्छ ।

मन शुद्ध हुनुपर्छ । मन स्वच्छ र पवित्र हुनुपर्छ । दागी मनले अरुको उपकार गर्दैन । तर, समाजमा अरूलाई झगडा गराउने, झगडा गराएर समाज भाँड्ने व्यक्तिहरू पनि छन् । तिनीहरूको मन नै अशुद्ध हुन्छ । अशुद्ध मनका मानिसहरूको हेराइ, बुझाइ र काम गराइ बेढङ्गको हुन्छ । अरूलाई जुधाउन सक्नु नै आफ्नो सफलता ठान्छन् । तिनीहरू कलुषित मनका हुन्छन् । तिनीहरू मन्दविष छर्छन् । समाजमा त्यस्ता पात्रहरूलाई पनि हामीले चिन्नुपर्छ ।

शरीरमा घाउचोट लाग्नु र मानसिक चोट पर्नु एउटै होइन । शारीरिक घाउचोटको औषधि खाएर निको पार्न सकिन्छ । तर, मानसिक चोट लाग्यो भने या मानसिक रोगीलाई निको पार्न त्यति सजिलो हुँदैन । औषधिमात्रै खाएर

> उन्नति गर्न निरोगी हुनुपर्छ । राम्रो आचरण हुनुपर्छ । मान्यजनहरूको कुरा मान्नुपर्छ । जान्ने बुझ्ने हुनुपर्छ । जान्ने बुझ्ने हुन अध्ययन गर्नुपर्छ । धर्मअनुसार व्यवहार गर्नुपर्छ । अल्छि हुनुहुँदैन । उचित आहार हुनुपर्छ । उचित बस्ने ठाउँ हुनुपर्छ । आफू बस्ने ठाउँमा सरुवा रोगी र झगडालुहरू हुनुहुँदैन । हावापानी अनुकूल हुनुपर्छ । विचार मिल्नुपर्छ । ठाउँ सफा र स्वच्छ हुनुपर्छ । परिश्रम गर्नुपर्छ । मीठोमीठो खाने तर काम नगर्ने बानीले अल्छि बनाउँछ । काम नगर्दा मोटो घाटो हुन्छ ।

मानसिक रोग निको नहुनसक्छ । मानसिक रोगबाट मुक्त हुन मन शुद्ध बनाउनुपर्छ । मनका सबै भय हटाउनुपर्छ । मानसिक सन्तुलन ठीक बनाउने एउटा उपाय बुद्धि नै हो, विवेक हो, सम्झाइबुझाइ हो । सम्झाइबुझाइबाट पनि धेरै मानसिक रोगीहरूको रोग निको भएको छ । कति मानसिक रोगीहरू अहिले स्वच्छ र हर्ताकर्ता भएर सहज जीवन बिताइरहेका छन् ।

सबैको जीवन एकनासको हुँदैन । सबैको जीवन एकै थरीको हुँदैन । तर, सबैको चाहना सुखी जीवन बिताउनु हो । शान्तिपूर्वक सुरक्षित जीवन बिताउनु हो । कसैको पनि आफ्नो जीवन आँसु पिएर बिताउने चाहना हुँदैन । जीवनमा हाँसो हुन्छ । रुवाइ हुन्छ । दु:ख हुन्छ । सुख हुन्छ । भय हुन्छ । चिन्ता हुन्छ । सज्जन हुन्छ । मूर्ख हुन्छ । स्वार्थी हुन्छ । सेवक हुन्छ । रिस हुन्छ । पीडा हुन्छ । आवेग हुन्छ । संवेग हुन्छ । ज्ञानी हुन्छ । अज्ञानी हुन्छ । सपना हुन्छ । विपना हुन्छ । जीवनमा आगतमात्र होइन विगतको स्मरण हुन्छ र वर्तमानका स्थिति हुन्छ । वर्तमानको मात्र सोचेर विगत भुल्नु र भविष्यको चिन्तै नगर्नु पनि ठीक होइन । विगतबाट सिकेर, बुझेर चलेको आजको जीवन भोलिको लागि पनि हो । तर, विगतको सुर्ता, चिन्ता पीडा र शोकमा डुबेर अनुहारमा चमक आउँदैन । भविष्यको नसोची आजमात्रै मोजमज्जा र ऐस आराम गरेर जीवन अगाडि बढाउने दृष्टिकोण खोटपूर्ण नै हुन्छ । त्यसको अर्थ वर्तमानलाई भुल्नु भनेको होइन । जिन्दगी आजको मात्र हो भोलिको होइन भन्नु मिथ्यादृष्टि हो । हो, विगत र भविष्यको मात्र कल्पेर, कल्पनामा डुबेर जीवन बिताउनु हुँदैन ।

गल्ती सच्याउनु र गल्तीको माफी माग्नु या प्रायश्चित गर्नु नराम्रो होइन । गल्ती माफी माग्नुको अर्थ फेरि गल्ती नगर्ने वाचा गर्नु पनि हो । कसैले विगतमा गल्ती गरेको छैन भने सच्याउने या क्षमा माग्ने प्रसङ्ग पनि उठ्दैन । कसैले गरेको गल्ती नसुधारेसम्म या आपराधिक क्रियाकलापमा संलग्न भइरहेसम्म झन् चिन्ता, पीडा हुन्छ । आपराधिक क्रियाकलापमा संलग्न व्यक्तिहरूलाई समाजले छि:छि: र दुरदुर गर्छ, धिक्कार्छ, थुक्छ । गल्ती सुधारेमा फलाना व्यक्ति त सच्चिएछ, बानी सप्रेछ, सहज जीवन बिताएर समाजसँग घुलमिल भइरहेको छ भनी स्यावास दिनेछ । गल्ती नस्वीकारीकन, नसच्याइकन ऊ कसरी असल मान्छे बन्छ, कसरी आदरयोग्य बन्छ ? अनि पो मन शुद्ध हुन्छ र अनुहार प्रसन्न देखिन्छ ।

झिना मसिना कुरामा कल्पेर, डुबेर मन रुवाउनु हुँदैन । मन बलियो बनाउनुपर्छ ! मनमा धन्दा, सुर्ता, चिन्ता बोकेर प्राण छाड्नु हुँदैन भन्ने मान्यता गौतम बुद्धको हो । रोगीको सेवा गर्नुपर्छ । सेवा गर्ने भावना हुनुपर्छ । भावनालाई व्यवहारमा लागू गर्नुपर्छ । मनमात्र भएर हुँदैन स्वास्थ्य सेवा गर्न औषधोपचार गर्नुपर्छ । उपचार गर्ने जनस्वास्थ्य र अस्पतालहरू हुनुपर्छ । उपचारको लागि चाहिने औषधि चाहिन्छ । औषधि उत्पादन गर्नुपर्छ । यी सबै स्रोत र साधन भएन भने जस्तोसुकै धनी भए पनि स्वास्थ्य उपचार हुन पाउँदैन । स्वास्थ्योपचार गरी निको हुन पाउँदैन भने अनि उसको मन कसरी हलुका हुन्छ, शान्त हुन्छ ? यस्तै सन्देश, उपदेश या शिक्षा अश्वघोषद्वारा लिखित 'निरोगी' पुस्तकमा पाइन्छ ।

◆

बुद्ध महामानव होइनन

✍ बसन्त महर्जन

'गौतम बुद्ध'बाट धर्म (उपदेश) सुनेर, प्रभावित भएर तथा त्यसबाट जीवनमा लाभ प्राप्त गरी नतमस्तक हुँदै उनको प्रशंसा गर्ने क्रममा अनेकौं शब्द प्रयोग गर्ने गरेको पाइन्छ। अचेल ती उपदेश ग्रन्थमा पढेर, सुनेर वा निर्दिष्ट विधिअनुसार ध्यान गरेर लाभी भएकाले पनि मुक्तकण्ठले प्रशंसा गर्दै अनेक विशेषण प्रयोग गर्ने गरेको पाइन्छ। 'भगवान' सम्बोधन गरेको पनि पाइन्छ र यो शब्दको सार्थकता स्वयं बुद्धबाट प्रष्ट पारिएको छ। उनी 'शाक्यमुनि' शब्दबाट पनि सम्बोधित छन्। आफैले आफ्ना लागि प्रयोग गर्ने शब्द 'तथागत' हो। यस्ता अनेकौं शब्द छन्। आजभोलि प्रचलित 'महामानव' शब्द बुद्धको बेलामा प्रचलित थिएन। बुद्धलाई 'महामानव' भन्नु बौद्ध धर्म र दर्शनको कसीमा राखेर हेर्दा अनुपयुक्त, अमर्यादित, आपत्तिजनक र अतार्किक छ।

द्रोण नामका एक ब्राह्मणले स्वयं बुद्धसँग सोधेका थिए- तपाईं मनुष्य हो ?
बुद्धसँग 'तपाईं मनुष्य हो ?' भनेर सोध्नु उक्कट्तायाङ् कुरा हो। सुन्दै प्रश्नकर्ता कस्ता उल्लू रहेछन् भन्ने लाग्न सक्छ। तर, प्रश्नकर्ताको हैसियत र प्रश्नको पृष्ठभूमि गम्भीर छ। बुद्ध के हुन् र के होइनन् अथवा को हुन् भनेर बुझ्न यो प्रसङ्ग निकै सहायकसिद्ध हुन्छ।

बुद्ध जीवनीलाई गम्भीर अध्ययन गर्नेमध्ये प्राय:लाई हेक्का हुन्छ, महापरिनिर्वाणपछि कुशीनगरमा बडो सम्मानका साथ दाहसंस्कार गरिएको थियो। अस्तिधातु सबै कुशीनगरका मल्लहरूले राख्न खोजेका थिए। तर, मगधलगायत अन्य राज्यले पनि पाउनु पर्ने भन्दै आएका थिए। आ-आफ्नो ठाउँमा लगी अस्थिधातुको पूजा गरेर राख्ने मनसाय उनीहरूको थियो। कलह भयो। युद्धकै स्थिति आयो। यो अवस्थामा सबैलाई बराबर बाँडिदिने प्रस्ताव द्रोण नामका ब्राह्मणले राखेका थिए र सबै सहमत भए। यी ब्राह्मण यश र कीर्तिले सम्पन्न, तीन वेद, व्याकरण, इतिहास र लक्षणशास्त्रमा निपुण थिए। पाँच सय शिष्य वरिपरि राखेर हिँड्ने हैसियत राख्ने यी ब्राह्मण कोशलराज्य अन्तर्गतको उक्कङ्ञा नगरका थिए। उनका बारेमा अङ्गुत्तरनिकाय र दीर्घनिकाय ग्रन्थमा उल्लेख छ।

अङ्गुत्तरनिकायको 'द्रोण सूत्र' अनुसार एक दिन उनले बाटोमा अनौठो पदचिन्ह देखे। त्यो पदचिन्ह गौतम बुद्धको थियो। बाटोमा हिँड्दा

बुद्धको पदचिन्ह विशेष ज्ञानीहरूले मात्र चिन्ने कुराको जानकारी बौद्ध ग्रन्थमा पाइन्छ भने मागन्दीय ब्राह्मणलगायत प्रसङ्गमा पनि यो कुरा उल्लेख पाइन्छ । बाटोमा देखिएको पदचिन्हमा चक्राङ्कित रेखा थियो । सो चक्रचिन्हमा हजार वटा तेर्सा रेखा र भित्री तथा बाहिरी गोलाइ रेखा पनि राम्ररी देखिन्थ्यो । यस्तो देखेर उनी बोले- 'आश्चर्य, अद्भूत । यो पद-चिन्ह मनुष्यको हुनै सक्दैन ।'

चक्राङ्कित पदचिन्ह पछ्याउँदै गए । त्यो बेला गौतम बुद्ध उक्कट्ठा नगरबाट श्रावस्तीको नजिक पर्ने नगर सेतव्यतर्फ जाँदै थिए । द्रोणले बुद्धलाई रूखमुनि प्रसन्न तथा सुन्दर मुद्रामा भेट्टाए । प्रश्न गर्नमा अन्योल भएर अतीत वा वर्तमान वाक्यले नभई अनागत वाक्यले सोधे, 'तपाईं देवता हुने हुनुहुन्छ कि ?' बुद्धको जवाफ नकारात्मक आयो । फेरि सोधे- 'तपाईं गन्धर्व हुनुहुन्छ कि ?' पुनः नकारात्मक जवाफ आयो । 'तपाईं यक्ष हुनुहुन्छ कि ?' भनेर सोधेको प्रश्नमा पनि नकारात्मक जवाफ आएपछि 'त्यसो भए तपाईं मनुष्य हुने हुनुहुन्छ कि ?' भनेर सोधे । मनुष्यको सन्दर्भमा पनि पूर्ववत् नकारात्मक जवाफै आयो । 'त्यसो भए तपाईं को हुनुहुन्छ त ?' भनेर सोधेको प्रश्नमा बुद्धको जवाफ सटीक छ । बुद्धको जवाफ थियो, 'जुन हेतुले देवता, गन्धर्व वा विहङ्गम हुने हो अथवा जुन हेतुले यक्षत्वमा वा मनुष्यत्वमा जाने हो, ती मेरा आस्रवहरू क्षीण भइसके, विध्वंश भइसके, बन्धनमुक्त भइसके । जस्तो पुण्डरिक-फूल पानीले छुन नसक्ने गरी पानीभन्दा माथि गएको हुन्छ, त्यस्तै मलाई लोकधर्मले छुन सक्दैन, त्यसो हुनाले, हे ब्राह्मण, म बुद्ध हुँ ।'

स्वयं बुद्धले 'म बुद्ध हुँ' भनिसकेपछि फेरि पनि 'मानव' अथवा 'महामानव' भनी जिद्दी गरेर बस्नुको औचित्य छैन । कि बुद्धलाई मानव अथवा महामानव नै रहेको कुरामा अड्डी लिनेहरूले प्रमाणित गर्नसक्नु पर्‍यो, उनले बुद्धत्व प्राप्त गरिसकेकै छैन भनेर अर्थात् बुद्ध होइनन् । बुद्धलाई बुद्धका रूपमा ग्रहण गर्न नसक्नेले उनका उपदेश

पनि आफूअनुकूल बुझ्ने तथा बुद्ध र बौद्ध समाजले जे भने पनि नटेर्ने स्वभावका हुन्छन् । यस्तो पाराले बौद्ध अध्ययन हुन सक्दैन ।

गौतम बुद्ध पनि आफूजस्तै एक मान्छे रहेको र जान्ने-बुझ्ने भएपछि बुद्ध भनिएको भन्ने भ्रम एक थरी बौद्धिक वर्गमा पनि छ । उनीहरूका अनुसार एउटा मान्छेलाई देवता बनाउने वा देवत्वकरण गर्ने नाकाम बौद्धहरूले गरेका हुन् । वास्तविकता त के हो भने, बौद्धहरूलाई राम्रैसँग थाहा छ, देवता हुनु ठूलो कुरा होइन । बरु, बुद्ध भइनसकेका तर केही कुशलकर्मको पुण्यले देवलोकमा जन्मेका मात्रै हुन्, पुण्य संचय क्षय भए पनि देवलोकबाट च्यूत हुनुपर्छ । अनीश्वरवादी बुद्धलाई ईश्वर बनाइदियो भन्ने आरोप पनि यी बौद्धिक वर्गले लगाइरहेको पाइन्छ । जसरी बुद्ध अनिश्वरवादी हुन्, बौद्धहरू पनि त्यसरी नै अनिश्वरवादी रहेको बुझ्न सक्दैनन् । बौद्धहरूको थोरै मात्र सङ्गत गर्ने हो भने पनि यो कुरा छर्लङ्ग हुन्छ । आफूलाई भौतिकवादीका रूपमा चिनाउन रुचाउने तथा भौतिकवाद बाहेक अरूलाई मिथ्या ठान्ने वर्गले आफूमा भएको भ्रम नहटाएसम्म बुद्धलाई कुनै हालतमा चिन्न सक्दैनन् किनभने बुद्धले तिनीहरूका सम्बन्धमा स्पष्ट शब्दमा 'मिथ्यादृष्टि' भनेका छन् । बुद्धका कतिपय उपदेशहरू भौतिकवादको नजिक होला । तर, भौतिकवादी नै भने होइनन् । त्यस्तै भौतिकवादको विपरितार्थका रूपमा लिने अध्यात्मवादी पनि बुद्धलाई आफ्नै पाराले बुझ्ने र बुझाउने गरेको पाइन्छ । यो दृष्टिकोणलाई पनि बुद्धले खण्डन गरेका छन् । बुद्ध मध्यममार्गी हुन् ।

> स्वयं बुद्धले 'म बुद्ध हुँ' भनिसकेपछि फेरि पनि 'मानव' अथवा 'महामानव' भनी जिद्दी गरेर बस्नुको औचित्य छैन । कि बुद्धलाई मानव अथवा महामानव नै रहेको कुरामा अड्डी लिनेहरूले प्रमाणित गर्नसक्नु पर्‍यो, उनले बुद्धत्व प्राप्त गरिसकेकै छैन भनेर अर्थात् बुद्ध होइनन् ।

अनात्मवादी बुद्धलाई 'महात्मा' भन्ने, निर्वाण प्राप्त गरिसकेको बुद्धलाई 'विष्णुको नवौं अवतार' ठान्ने लगायतका कुरा तर्कसङ्गत छैनन् । बारम्बार जन्मेर बोधिचर्या गर्दै अन्ततः अब कहिल्यै जन्मनु नपर्ने गरी महापरिनिर्वाण प्राप्त गरिसकेका बुद्धलाई विष्णुको नवौं अवतारका रूपमा लिनु त्यस धार्मिक मतले आफ्नो खुट्टामा आफैं बन्चरो हान्नु मात्रै हो । किनभने उनीहरू विष्णुलाई कहिल्यै नमर्ने, अजरअमर र समय-समयमा जन्म लिने भनिएको कुरा 'नवौं अवतार'को कुराले झूठो साबित गरिदिएको कुरा होसै भएन ।

एउटा प्रश्न उठ्छ- शिष्यहरूलाई कपाल खौरन लगाएर बुद्धले आफू मात्रै किन जुरो बाँधेको ? खासमा त्यो जुरो नै होइन । त्यसलाई उष्णीष भनिन्छ । बुद्धले पनि कपाल काटेका थिए र

त्यसउप्रान्त केश नबढेपछि काट्नु पर्ने जरुरतै भएन । बुद्धको निधारमा उर्णा पनि हुन्छ, जुन सर्वसाधारणको नजरमा टीकाजस्तो देखिन्छ । यसबाहेक ३२ लक्षणले युक्त हुन्छन् । अतीतकालका दिपङ्कर बुद्धलाई देखेर तत्कालीन तापसी सुमेधले 'म पनि तपाईंजस्तै बुद्ध बन्न सकूँ' भनेर प्रणिधान गरेका थिए । त्यस उप्रान्त अनेकौं कठोर साधना गरी अन्तिम जन्मका रूपमा लुम्बिनीमा इपू ५६३ मा जन्मेर ३५ वर्षको उमेरमा बुद्धत्व प्राप्त गरेका थिए । अर्थात् दिपङ्करलगायतका बुद्धहरूजस्तै उनी पनि गौतम बुद्ध बने । साधनाका क्रममा इन्द्र भएरै सात पल्ट जन्मेको वर्णन पाइन्छ । मनुष्य, देवता, पशुपंक्षीलगायत अनेकौं योनिमा जन्म लिएर बोधिचर्या (साधना) गरेका थिए । यसबाट बुझिने एउटा कुरा हो- साधनाका क्रममा माझिँदै जाने रहेछ र यस क्रममा शारीरिक अवयव पनि फरक पर्ने गर्छ ।

अन्तिम जन्मको केही दिनपछि शिशुको दर्शन गर्न आएका ऋषि असितले शिशुको शरीर लक्षण हेरेरै भविष्यमा बुद्ध हुने ठम्याइसकेका थिए । यस्ता थुप्रै कुरा छन्, जसले बुद्धत्व प्राप्त गर्नुअघि नै मान्छेको ध्यानाकर्षण भइसकेको थियो । साधारण मान्छेमा यस्तो कुराको अभाव हुन्छ । र त, द्रोण ब्राह्मणलाई तपाईं मानिस हो भनेर सोध्नु पर्ने जरुरत भयो, केही फरक पाएरै त त्यत्रो विद्वानलाई यसरी सोध्नु पर्ने जरुरत पर्‍यो । देवतालगायत अन्य पनि मानिसको रूपमा आउने र कुराकानी गरेर फर्कने गरेको प्रसङ्ग पनि बौद्ध घटनावलीमा पाइन्छन् ।

धेरैलाई लाग्दो रहेछ, एक साधारण मानिसले असाधारण काम गर्‍यो भने त्यसलाई महामानव भन्न सकिन्छ । तर, बुद्ध त्यस्ता महामानव होइनन् । बुद्धलाई महामानव होइन भन्दा मानव जातिको गरीमालाई अवमूल्यन गरेको ठानिन पनि सक्छ । बौद्ध धर्मदर्शनले मानव जातिमा मात्रै चासो राख्दैन बरु सारा प्राणी जगत उसको सरोकारको विषय हुन्छ । यस्तो हुँदाहुँदै पनि मानिसले मात्रै म बुद्ध हुन्छु भनेर प्रणिधान गर्न सक्छन् । सोहीअनुसार बोधिचर्या गर्नका लागि मनुष्य योनिमा सहज हुन्छ । यस प्रकार माझिँदै र खारिँदै एउटा तहमा पुग्ने हो जुन नितान्त नौलो हुन्छ र पहिचान पनि बदलिन्छ । पुरानो पहिचान त्यागेर नयाँ पहिचान बनाएकोलाई पुरानै पहिचानले सम्बोधन गर्नु वा चिन्नु भनेको वास्तविकतालाई अस्वीकार गर्नु हो अर्थात्, गौतम बुद्धलाई बुद्धका रूपमा स्वीकार्नु पर्छ, महामानवका रूपमा होइन ।

साभार : नागरिक दैनिक

◆

बौद्ध साहित्यिक पत्रिका
'अर्हत्' त्रैमासिकको निरन्तर
प्रकाशनको हार्दिक
शुभकामना

श्री गणेश माध्यमिक विद्यालय
भार्वाचो-१, भक्तपुर, फोन नं. ६६१५०१२
मो.नं. ९८४१९८७६७४

परियत्ति पढ्दाको अनुभव

✍ सम्बृद्धि बज्र, जेन्यूइन से. स्कूल (कक्षा-७)

हाम्रो देशमा बुद्ध-धर्मसम्बन्धी अध्ययन-अध्यापन गर्ने कार्य अत्यन्त आवश्यक भएकोले यसलाई सुहाउँदो समय र परिस्थितिलाई हेरेर 'त्रिशुली सुगत बौद्ध मण्डल'को सचिव धर्मरत्न शाक्यको सुझावअनुसार श्रद्धेय भिक्षु बुद्धघोष महास्थविर त्रिशुली सुगतपुर विहारमा पाल्नुभएको बेलामा वि.सं. २०१९ मा बुद्ध-धर्मको अध्ययन र अध्यापन कार्यको शुभारम्भ गर्नुभयो । नैतिकता नै सहिष्णुताको र सद्भावको आधार हो । परियत्ति शिक्षा पनि ती नैतिकतामा नै आधारित ज्ञानमय शिक्षा हुन् ।

म भक्तपुरको जेन्यूइन सेकेण्डरी स्कूलको कक्षा ७ मा पढ्छु । हाम्रो विद्यालयमा पनि परियत्ति शिक्षाको पठन पाठन हुने गर्छ । हाम्रो विद्यालयमा ६ र ७ कक्षामा परियत्ति पढाउने गरिन्छ । हामीले ६ कक्षामा परियत्ति किताबको भाग १ र ७ कक्षामा भाग २ पढ्यौं । मैले परियत्ति शिक्षा पढ्दा धेरै राम्रो अनुभव गरेको छु धेरै कुराहरू सिकेकी छु । मैले परियत्ति पढेपछि मैत्री कामना र मैत्री भावको बारेमा सिकेकी छु । मैले बुद्धजीवनी लगायत पञ्चशील बारेमा ज्ञान पाएकी छु । असल नागरिक निर्माणका लागि नैतिकता एवं शिक्षा दुबै आवश्यक छ । मैले यहाँ बुद्धका उपदेशहरू लगायत विभिन्न धार्मिक कथाहरूको बारेमा ज्ञान पाएकी छु ।

परियत्ति पढेपछि मेरो व्यवहारमा पनि धेरै फरक आएको छ । पहिले मलाई बिहान चाँडै उठ्न मन पर्दैनथ्यो तर अहिले मनपर्छ । पहिला मैले ध्यान गर्दा मन भाग्थ्यो तर अहिले एउटै ठाउँमा मन लगाउन सक्छु । मैले धन र शक्तिमा अनाशक्त भएको मानिसको साँच्चिको सुख र शान्ति प्राप्त गर्दछ भन्ने थाहा पाएँ । मेरो आचरणमा पनि धेरै फरक आएको छ । मलाई अहिले चाँडै रिस उठ्दैन र म सबै प्रति मैत्री भावना प्रकट गर्छु । कसैलाई गाली गर्ने, चुग्ली गर्ने वा झूठो कुरा बोल्ने काम पनि गर्दिन । परस्त्री गमन गर्ने - नशालु पदार्थ सेवन गर्ने व्यक्तिदेखि म टाढा बस्छु । म खराब संगतमा लाग्दिन । मैले असल साथी कसरी चिन्ने पनि थाहा पाएकी छु । त्यसैले म सहृदय असल साथी चिनेर मात्रै मित्रता गर्दछु ।

नैतिकतामा आधारित ज्ञानमय परियत्ति शिक्षाा हाम्रा भविष्यका कर्णधार आजका बाल-बालिकाहरूलाई गराई, असल नागरिक, सदाचार सम्पन्न समाज एवं सम्मुनत शान्त नेपाल बनाउनु हामी सबैको दायित्व र कर्तव्य हो ।

परियत्ति पढ्दा मानिसले आफ्नो जीवनशैली देखि आफ्नो समाज प्रतिको कर्तव्य बारेमा सिक्छ । परियत्ति पढ्दा मानिस जिम्मेवार हुन्छ । असल समाज र शान्त देशका लागि परियत्ति शिक्षा निकै आवश्यक छ । हाम्रो आउने बाल-बालिकाहरूलाई परियत्तिको महत्त्वबारे सन्देश दिनका साथसाथै म यति कामना गर्दछु कि परियत्ति शिक्षालाई समय सापेक्षित तवरमा अझ फलोस्, अझ धेरै भन्दा धेरैले बुद्धशिक्षाको माध्यमबाट नैतिक शिक्षा प्राप्त गर्न सकोस् ।

"भवतु सवब मंगलं" •

गतिविधि

परियत्ति पुरस्कार वितरण सम्पन्न

अखिल नेपाल भिक्षु महासंघद्वारा सञ्चालित नेपाल बौद्ध परियत्ति शिक्षा मैत्रेय परियत्ति केन्द्रबाट बु.सं. २५६३ को परीक्षामा उत्तीर्ण परीक्षार्थीहरूलाई प्रमाणपत्र तथा पुरस्कार वितरण कार्यक्रम थथुबहीमा सम्पन्न भयो। मैत्रेय युवा संघका अध्यक्ष जमुना गोसाईको सभापतित्वमा प्रमुख अतिथि श्रद्धेय दिपक (क्षान्तिशोभन) भन्तेले पञ्चशील प्रदान गरी सुरु भएको उक्त कार्यक्रममा संघका सचिव संचित बुद्धाचार्यले अहिलेको यस विषम परिस्थितिमा विद्यार्थीहरूले समय खेर नफाली आफ्नो व्यक्तित्त्व विकास हुने काममा मन लगाउन अनुरोध गर्दै स्वागत मन्तव्य व्यक्त गर्नुभयो।

परियत्ति विद्यार्थी अनिशा खड्काले विद्यार्थी जीवनका लागि अति महत्त्वपूर्ण परियत्ति शिक्षा पढ्न पाएकोमा खुशी व्यक्त गर्दै आचरण र नैतिकता बिनाको मानिस डाक्टर, इन्जिनियर नै भएता पनि समाजका लागि काम नलाग्ने विचार व्यक्त गर्नुभयो। मैत्रेय परियत्ति केन्द्रका केन्द्राध्यक्ष तिर्थराज बज्राचार्यले परियत्ति शिक्षा विद्यार्थी तथा शिक्षक-शिक्षिकाहरूको लगनशीलता र हौसलाले नै केन्द्रलाई बल मिलेको कुरा व्यक्त गर्दै अहिलेको यस कोरोनाका कारण सिर्जना भएको विषम परिस्थितिका कारण कक्षा सञ्चालन गर्न नसकेको र समय अनुकुल भएपछि कक्षा सञ्चालन हुने जानकारी दिनुभयो। श्रद्धेय दिपक भन्तेले प्रमाणपत्र तथा पुरस्कार वितरण गर्नुभएको उक्त कार्यक्रममा मैत्रेय परियत्ति अक्षयकोषका दाताहरू संघरत्न शाक्य र न्हुछेकुमार लासिवाले विद्यार्थी एवं शिक्षक-शिक्षिकाहरूलाई नगद उपहार प्रदान गर्नुभयो। परियत्ति अक्षयकोषको ब्याजबाट सञ्चालन भएको उक्त कार्यक्रममा दाता संघरत्न शाक्यले रू. बीस हजार कोषका लागि सहयोग गर्नुभयो भने पञ्चशीलको महत्त्व विषयमा मन्तव्य दिनुभयो। प्रमुख अतिथि श्रद्धेय दिपक भन्तेले परियत्ति शिक्षाको महत्त्वलाई दर्शाउनु हुँदै परियति शिक्षा अध्ययन गरेर मात्रै नपुग्ने भन्नुहुँदै बुझेर आचरणमा उतार्न जोड दिनुभयो। संघका सदस्य गंगा गोसाईले धन्यवाद ज्ञापन गर्नुभएको उक्त कार्यक्रममा बोधि टेलिभिजन तथा भिक्षुमहासंघद्वारा अनलाइन कक्षा सञ्चालन भइरहेको कुरा पनि जानकारी गराउनुभयो।

मैत्रेय युवा संघ
भक्तपुर

◆

हार्दिक समवेदना

धर्मरत्न शाक्य

जन्म : २०१६ असार २ निधन: २०७७ साउन १२

बौद्ध दर्शन अध्ययन समाजका सहयोगी तथा बौद्ध साहित्य 'अर्हत्' त्रैमासिकका लेखक **धर्मरत्न शाक्य**को असामयिक निधन भएकोमा शोक व्यक्त गर्दै मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्नुका साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्नसक्ने क्षमता मिलोस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं।

बौद्ध दर्शन अध्ययन समाज

भक्तपुर

बिचः हायेका

"अनिच्चावत संखारा-उप्पादवय धम्मिनो !
उपज्जित्वा निरुज्झन्ति-तेसं उपसमो सुखो !!"

बुदि
ने.सं. १०७९ तछलागा १४

मदुगु दि
ने.सं. ११४० गुंलाथ्व ७

ख्वपया थीथी बौद्ध संस्थाय् आवद्ध जुया विज्याम्ह 'पञ्चवीर सिंह सिरपा' निक्व तक त्याका विज्याम्ह धम्मविजय पदनम गणमहाविहार यैँ पाखें नं सम्मानितम्ह घोषक संकिपाया पटकथा च्वमि भाजु **धर्मरत्न शाक्य डी. आर. शाक्य 'ऋषि'** वंगु १२ श्रावण २०७७ वि.सं. कुन्हु मदुगुलिं शोकय् लाना च्वंपिं वसपोलया सकल छैँजः पिसं 'सब्व अनिच्चं' धैगु भावयात लुमंका धैर्यधारण याना विज्याये फयेमा धैगु कामना याना । "इदम्मे पुञ्ञं निब्बाणस्स पच्चेया होतु"

युवा बौद्ध पुचः भक्तपुर (YBAB)

मैत्रेय युवा सङ्घ, भक्तपुर
भक्तपुर बौद्ध सम्पदा सङ्घ
बौद्ध सङ्घ, भक्तपुर
भक्तपुर सुन चाँदि व्यवसायी सङ्घ
मुनि बिहार, भक्तपुर
प्रशन्नशील महाविहार, शाक्य सङ्घ

नेपाल परम्परागत बौद्ध धर्म सङ्घ, भक्तपुर शाखा
दीपंकर ज्ञानमाला भजन खलः भक्तपुर